# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १९३ | काठमाडौं | शनिबार, २४ कात्तिक २०८१ | Prabhab National Daily | Saturday, November 09, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


अन्नपूर्ण आधार शिविर

## पर्यटकसँगै फोहोरको चुनौती

पदमार्ग र आधार शिविरमा प्लास्टिक, कागज, कपडा, स्टिल र सिसाले फोहोर भएको छ । कुहिने फोहोरलाई खाडलमा गाड्ने, नकुहिनेलाई व्यवस्थापन नगर्ने हो भने यहाँको सुन्दरतामा असर पर्न सक्छ ।

■ सुरेन गुरुङ

■ सन्तोष गौतम



**म्याग्दी–** अन्नपूर्ण गाउँपालिका–४ नारच्याङको भूगोलमा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण आधार शिविर दुई वर्षअघिसम्म सुनसान थियो ।

वसन्त ऋतुमा हिमाल आरोहणका लागि आउने हेलिकप्टरमार्फत पुग्ने आरोही र तिनका सीमित संख्यामा सहयोगीहरू मात्र आधार शिविरमा हुन्थे । पदमार्ग निर्माण र प्रचारप्रसारसँगै पछिल्लो एक वर्षयता अन्नपूर्ण आधार शिविरमा हिउँदको तीन महिनाबाहेकका समयमा दैनिकजसो पर्यटक पुग्ने गरेका छन् ।

आन्तरिक पर्यटकको रोजाइमा परेको अन्नपूर्ण आधार शिविर र त्यहाँ जाने 'मौरिस हर्जोग' पदमार्गमा पाहुनाको बसाइँ व्यवस्थापन र बढ्दो प्रदूषण चुनौती बनेको छ । मौरिस हर्गोज पदमार्गमा पर्यटक लैजान सहजीकरण गरिरहेका सुरेन गुरुङले पदयात्रीहरूले फालेको प्लास्टिक, स्टिल र सिसाजन्य फोहोरका कारण प्रदूषण बढेको बताए ।

'पदमार्ग र आधार शिविरमा प्लास्टिक, कागज, कपडा, स्टिल र सिसाले फोहोर भएको छ,' उनले भने, 'कुहिने फोहोरलाई खाडलमा गाड्ने, नकुहिनेलाई व्यवस्थापन नगर्ने हो भने यहाँको सुन्दरतामा असर पर्न सक्छ ।' कति मात्रामा फोहोर छ भन्ने यकीन नभए पनि पदयात्रीले सामान राखेर लगेका प्लास्टिक, बोरा, बट्टा, बोत्तल, कपडा र ग्यासको खाली सिलिण्डर यत्रतत्र फालेका भेटिने गुरुङले बताए ।

### हालसम्मकै धेरै पर्यटक

अन्नपूर्ण गाउँपालिका–४ का वडाध्यक्ष लोकबहादुर फगामीका अनुसार चालु शरदयाममा करिब चार हजार जना आन्तरिक पर्यटक अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका छन् । यो याममा हालसम्मकै धेरै संख्यामा पर्यटक अन्नपूर्ण आधार शिविर गएका उनले बताए ।

बेनी, काठमाडौं, पोखरा, बागलुङ, चितवनलगायत सहरबाट विशेष गरेर जागिरे र युवायुवतीहरू अन्नपूर्ण आधार शिविरको पदयात्रामा आएका छन् । तीन दिनको छोटो अवधिमा साहसिक पदयात्रा गर्न सकिने भएकाले पर्यटकको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको हो । होटल तथा लजको सुविधा नभएको मौरिस हर्जोग पदमार्ग र अन्नपूर्ण आरोहण शिविरमा जानेहरूले खाना, खाजाका परिकार, भाँडाकुँडा, ग्यास, लत्ताकपडाको आफैं जोहो गर्नुपर्छ ।

### सरसफाइ कार्यक्रम

फोहोर बढेपछि अन्नपूर्ण गाउँपालिका र घराम्दीका खेलाडीको टोलीले पछिल्लो एक महिनाको अवधिमा दुईपटक उक्त पदमार्ग र आधार शिविर क्षेत्रमा सरसफाइ गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# मुकुमलुङमा बलजफ्ती

| फुङलिङ नगरपालिकाका मेयर अमिर मादेन केबलकार शिलान्यासमा जबरजस्ती अघि बढेपछि दुईपक्षबीच झडप

| झडपमा परी मुकुमलुङ जोगाउ अभियानका अभियन्ता चन्द्र मादेनसहित छ जना घाइते

■ प्रभाव संवाददाता

**काठमाडौं–** ताप्लेजुङको मुकुमलुङ अर्थात् पाथीभरामा क्षेत्रमा जबरजस्ती केबलकार शिलान्यास गर्नेक्रममा झडप भएको छ । स्थानीयको विरोधका बीच फुङलिङ नगरपालिकाका मेयर अमिर मादेन केबलकार शिलान्यासमा जबरजस्ती अघि बढेपछि दुईपक्षबीच झडप हुन पुगेको छ । झडपमा परी छ जना घाइते भएका छन् ।

मुकुमलुङ जोगाउ अभियानका अभियन्ता चन्द्र मादेनलगायत घाइते भएका हुन् । जिल्ला प्रहरी कार्यालयका अनुसार घाइते हुनेमा केबलकार पक्षधर फुङलिङ नगरपालिका–४ का ४० वर्षीय दामोदर अधिकारी, मेरिङदेन गाउँपालिका–४ का २६ वर्षीय कुमार शेर्पा पनि घाइते भएका छन् ।

यसैगरी पाथीभरामा भरिएका रूपमा काम गर्दै आएका फक्ताङलुङ गाउँपालिका–५ का अर्जुन लिम्बू, सुरक्षकर्मीतर्फ सशत्र प्रहरी डिगेन्द्र ओली र प्रहरी जवान अभिनास माझी घाइते भएको कार्यालयका सूचना अधिकारी विवेक बस्नेतले जानकारी दिए ।

घाइतेको जिल्ला अस्पताललगायत स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । मुकुमलुङ जोगाउ अभियानतर्फका मादेनको टाउकोमा गम्भीर चोट लागेको छ । प्रहरीले लाठीचार्ज गरेकोमा अभियन्ताहरूले विरोध जनाएका छन् । 'अगुवा चन्द्रको टाउकोमा एमालेका कार्यकर्ताले ढुंगा प्रहार गरेर घाइते भएकामा त्यसमाथि प्रहरीले पनि लाठी प्रहार गरी गम्भीर घाइते भएका छन्,' किरात याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापोले प्रभावसँग भनिन् ।



शुक्रबार ताप्लेजुङको पाथीभरामा केबलकार शिलान्यास गर्ने क्रममा भएको झडप । *तस्बिरः सामाजिक सञ्जालबाट*

आदिवासी लिम्बू समुदायको ऐतिहासिक महत्त्वको मुकुमलुङलाई नामेट पार्ने गलत प्रयास गरिँदै छ जुन सफल हुन दिँदैनौं ।

■ **निरन्ती तुम्बापो**
**महासचिव, किरात याक्थुङ चुम्लुङ**

शिलान्यास कार्यक्रम अघि बढिसकेको थियो । सिडिओले साथ नदिँदा प्रदर्शनकारीलाई बल मिल्यो ।

■ **अमिर मादेन**
**मेयर, फुङलिङ नगरपालिका**

### मेयर पक्षबाट खुकुरी प्रहार भएको आरोप

मुकुमलुङमा व्यवसायी चन्द्र ढकालले केबलकार बनाउने योजना अघि सारेसँगै स्थानीय आन्दोलित छन् । यसपछि व्यवसायी र सरकार दुवै यो योजनाबाट हच्किँदै आएका थिए । तर, राष्ट्रिय विभूति फाल्गुनन्दको जन्मजयन्तीमा अभियन्ता र स्थानीय विभिन्न स्थानमा पुगेको मौका पारी फुङलिङ नगरपालिकाका मेयर मादेनले केबलकार शिलान्यास गर्ने योजना बनाए ।

सरकारको अनुमति लिएरै केबलकार शिलान्यास अघि बढाएको तर प्रशासनले सहयोग नगरेको मेयर मादेनको आरोप छ । केबलकार निर्माणका लागि शिलान्यास गर्न लगिएको 'एक्साभेटर'लाई स्थानीयले अवरोध गरेपछि झडपको स्थिति सिर्जना भएको प्रहरीले जनायो । स्थितिलाई नियन्त्रणमा लिन जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी निरीक्षक विवेक बस्नेत नेतृत्वको प्रहरी टोलीले एक्साभेटर चालकबाट प्रमुख जिल्ला अधिकारीको निर्देशनमा चाबी नियन्त्रणमा लिएको थियो ।

पाथीभरा केबलकार कम्पनीले निर्माणको ठेक्का पाएपछि शुक्रबार दिउँसो सत्तारुढ नेकपा एमालेका जिल्ला अध्यक्ष डम्बरध्वज तुम्बाहाम्फे, फुङलिङ नगरपालिकाका मेयर मादेनलगायत कार्यक्रमस्थल पुगेका थिए । प्रहरीले चाबी नियन्त्रणमा लिएपछि विवाद साम्य भइसकेको थियो । तर, मेयर मादेन निर्माण पक्षले प्रहरीसँग चाबी मागेर एक्साभेटर लान बल गरेपछि स्थिति नियन्त्रणबाहिर गएको प्रत्यक्षदर्शीले बताएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

हवाईभाडामा मनोमानी रोक्न संघको दबाव

# श्रमिकलाई मारमा पार्ने कार्य रोक्न परराष्ट्रमन्त्रीलाई ज्ञापनपत्र

हवाई कम्पनीले यदि एकाधिकार गरेका छन् भने उनीहरूलाई नियमन गरी आवश्यक प्रक्रियाभित्र ल्याउनुर्छ : **परराष्ट्रमन्त्री**

श्रमिकलाई मर्का परेको छ, यो समस्या राष्ट्रिय समस्या पनि भएकाले समाधानका उपायहरूको खोजी गरिन्छ : **श्रममन्त्री**

विमानस्थल मर्मतको कामको सूचना पहिल्यैदेखि दिइएकाले अहिले हवाई कम्पनीहरूले आफूखुसी मूल्यवृद्धि गर्न पाउँदैन : **पर्यटनमन्त्री**

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले हवाई कम्पनीले दोब्बरभन्दा बढी भाडा वृद्धि गरेका कारण वैदेशिक रोजगारीमा जाने श्रमिक मारमा परेकोबारे सरकारको ध्यानाकर्षण गराएको छ ।

परराष्ट्र मन्त्रालयमा शुक्रबार भएको परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, श्रममन्त्री शरतसिंह भण्डारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेसहितको बैठकमा संघका प्रतिनिधिहरूले उक्त समस्याको समाधानका लागि आग्रह गर्दै परराष्ट्रमन्त्री डा. राणालाई ज्ञापनपत्रसमेत बुझाए । उनीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले उडान समयमा गरेको कटौतीको कारण देखाएर हवाई कम्पनीले दोब्बरभन्दा बढी भाडा वृद्धि गरेका र यसका कारण नेपालबाट वैदेशिक रोजगारीमा जाने श्रमिक मारमा परेका जानकारी गराएका थिए ।

बैठकमा परराष्ट्रमन्त्री डा. राणाले मर्मतका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको समय कटौती गरिएपछि हवाई उडानका क्षेत्रमा उत्पन्न समस्याको समाधान खोज्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग आग्रह गरिन् । उनले विकसित पछिल्लो परिस्थितिको अध्ययन गरी आवश्यक निकासका लागि आग्रह गरेकी हुन् ।

विमानस्थल कार्यालयले उडानको समय दैनिक १० घन्टा घटाएपछि विदेशी वायुसेवा कम्पनीले काठमाडौं उडानमा कटौती गरेका छन् । यही कारण देखाएर वायुसेवा कम्पनीहरूले पनि नेपालबाट हुने उडानमा दोब्बर भाडा बढाएपछि समस्या उत्पन्न भएको हो ।

'वैदेशिक रोजगारीमा जाने नेपालीलाई महँगो टिकटका कारण समस्या परेको त छँदै छ, यो मारमा अरू पनि परेकाले धेरै गुनासो आएको छ । हवाई कम्पनीले यदि एकाधिकार गरेका छन् भने उनीहरूलाई नियमन गरी आवश्यक प्रक्रियाभित्र ल्याउनुपर्दछ,' मन्त्री राणाले भनिन् ।

नेपालबाट टिकट नपाउने तथा धेरै नै महँगो हुने समस्या भएकाले वैदेशिक रोजगारीमा जाने नेपालीहरूलाई केही समयका लागि भारतको विमानस्थल हुँदै जानुपर्ने अवस्थाका लागि कूटनीतिक पहल गरिदिन संघका अध्यक्ष राजेन्द्र भण्डारी, पूर्वअध्यक्ष विमल गौतम एवं प्रतिनिधि प्रज्ञान न्यौपानेलगायतले मन्त्री डा. राणसँग आग्रह गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश



## पृष्ठ १ बाट क्रमशः

### मुकुमलुङमा...

मेयर मादेन पक्षले प्रहरीसामु नांगो खुकुरी प्रदर्शन गर्दासमेत प्रशासन मौन बसेको तुम्बापोले गुनासो गरिन् । 'मेयरले भाडामा ल्याएका मानिसहरूले खुकुरी नचाए । काम गर्ने अर्जुन लिम्बूको हात काटिएको छ । तर प्रशासन मौन रह्यो,' तुम्बापोले भनिन् । मादेनले भने प्रशासनले सहयोग नगर्दा प्रदर्शनकारीलाई बल मिलेको आरोप लगाए । 'शिलान्यास कार्यक्रम अघि बढिसकेको थियो । सिडिओले साथ नदिँदा प्रदर्शनकारीलाई बल मिल्यो,' मेयर मादेनले भने ।

ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले भने स्थिति थप बिग्रिन नदिन चाबी लिइएको बताएका छन् ।

केबलकार निर्माण गरिए मुकुमलुङको ऐतिहासिकतामात्रै नभएर धार्मिक महत्त्व सिद्धिने भन्दै अहिले जस्तो छ, त्यस्तै अवस्थामा मुकुमलुङलाई रहन दिनुपर्ने माग पहिचान पक्षधरहरूको छ । पहिचान आन्दोलनको अग्रमोर्चामा रहेकी किरात याक्थुङ चुम्लुङकी महासचिव तुम्बापोको शब्दमा आदिवासी लिम्बू समुदायको ऐतिहासिक महत्त्वको मुकुमलुङलाई नामेट पार्ने गलत प्रयास अहिले गरिँदै छ । जुन सफल हुन नदिने उनको चेतावनी छ ।

मुकुमलुङ क्षेत्रमा केबलकार निर्माणको जिम्मा पाथीभरा दर्शन केबलकार प्रालिले पाएको छ । त्यसमा ठूलो लगानी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको छ । केबलकार परियोजना निर्माणको जिम्मा भने स्थानीयस्तरमा पाथीभरा केबलकार दर्शन प्रालिका पुष्पबहादुर बरुवाल र सुरेन्द्रकुमार गुरुङले पाएका हुन् । परियोजनाको साझेदार व्यवसायी इन्द्र केदेम लिम्बू पनि छन् ।

कम्पनीले मुकुमलुङ क्षेत्रमा केबलकार निर्माण लागि ९० हजार रोपनी जग्गा ९० लाखमा खरिद गरेको छ । र, मुकुमलुङ देशकै पूर्वी क्षेत्रको सर्वाधिक महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य हो । त्यही भएर यहाँको मौलिकता जोगाउन भए पनि केबलकार निर्माण गर्न नहुने केबलकार खारेजी संघर्ष समितिको माग छ । समितिले जबरजस्त केबलकार निर्माण गरिए हिंसा निम्तिने चेतावनी दिएको छ । समितिमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, केपी पालुङ्वा नेतृत्वको राष्ट्रिय जनमुक्ति पार्टीसँगै लिम्बूवान क्रान्तिकारी, लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चा तथा वैज्ञानिक समाजवादी पार्टी आबद्ध छन् ।

यी दलहरूले जग्गा खरिद बिक्रीमा अनियमितता गरेको र व्यापारिक संस्थाको उक्साहटमा सरकारले पाथीभराको क्षेत्र विस्तार गरेको आरोप लगाएका छन् । त्यही भएर केही पहिचान पक्षधर दल र संस्था लगातार आन्दोलनमा छन् ।

केबलकार दुई अर्ब ५५ करोड रूपैयाँ लगानीमा निर्माण हुने भनिएको छ । नदेखिनेगरी यती समूहको पनि यहाँ लगानी रहेको बुझिएको छ । १५ फागुन २०७५ मा तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीसहित यती होल्डिङ्का तत्कालीन अध्यक्ष रहेका पर्यटन व्यवसायी आङछिरिङ शेर्पालगायत यस क्षेत्रमा केबलकार सञ्चालनको सम्भावनाबारे अवलोकन गर्न पुगेका थिए । तर, फर्किएर काठमाडौं आउने क्रममा उनीहरूको हेलिकप्टर दुर्घटनामा परी निधन भयो । यसपछि केबलकार निर्माण परियोजना सञ्चालनमा ढिलाइ भएको थियो । तर, यतिबेला भने परियोजना निर्माणको कामले गति लिएको छ । यहीबेला पहिचान पक्षधरहरूले अवरोध सिर्जना गरेका छन् । यसप्रति असन्तुष्ट निर्माण व्यवसायीहरूले जिल्लामा 'गेम चेञ्जर'जस्तै आयोजना निर्माणको वातावरण बनाउन स्थानीय प्रशासनले असहयोग गरेको आरोप लगाउँदै आएका थिए ।

●●●

### पर्यटकसँगै फोहोरको...

हाल बेलायत बस्दै आएका धनकुमार पाइजाको सहयोगमा घराम्दीका भलिबल खेलाडी १९ जनाको टोलीले गत असोज १७ देखि १९ गतेसम्म कुहिने फोहोरलाई खाडल खनेर गाड्ने र नकुहिने फोहोरलाई संकलन गरी केही तल ल्याएर जलाएका थिए । यसैगरी अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडासदस्य श्याम पुर्जाको नेतृत्वमा स्थानीय युवाहरूको टोलीले गत हप्ता पदमार्ग र आधार शिविर क्षेत्रमा सरसफाइ गरिएको थियो ।

#### शौचालय अभावमा समस्या

पदमार्गमा व्यवस्थित शौचालयको पनि अभाव छ । फुतफुते झरना नजिकै रघुगंगा गाउँपालिका-१ बेगकी ललिता शेरपुञ्जाको अगुवाइमा सार्वजनिक शौचालय निर्माण भएको छ ।

भुसकेतमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को सहयोगमा गत वर्ष शौचालय निर्माण भएको थियो । सम्धीखर्क, आरोहण आधार शिविर र पञ्चकुण्ड तालको आश्रयस्थलमा बास बस्ने पर्यटकलाई शौचालयको समस्या भएको बेनीका कनक प्रधानले गुनासो गरे ।

#### जेठो हिमाल

फ्रान्सका मौरिस हर्जोग र लुई लचेनलले सन् १९५० को जुन ३ तारिखका दिन आरोहण गरेको अन्नपूर्ण आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेको हिमाल हो । सगरमाथाभन्दा तीन वर्षअघि आरोहण भएको अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ ।

हर्जोगको टोलीले अन्नपूर्ण चढ्न प्रयोग गरेको बाटो पछ्याउँदै नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ ।

नारच्याङबाट हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलाबाट आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ ।

#### गाउँपालिकाको प्रयास

पदमार्गको स्तरोन्नति, खोलामा झोलुंगे पुल निर्माण, आश्रयस्थलको क्षमता विस्तार, खानेपानी, शौचालय, सञ्चार, विद्युत् सुविधा र सुरक्षाको व्यवस्थापनका लागि एकीकृत गुरुयोजना तयार पारिएको छ । अध्यक्ष पुनले चालु आर्थिक वर्षमा विनियोजन भएको एक करोड रूपैयाँ बजेटबाट आश्रयस्थलको क्षमता विस्तार, शौचालय, खानेपानी, पुललगायत पूर्वाधार निर्माणमा परिचालन गरिने बताए ।

मोबाइल र विद्युत् सुविधा विस्तारका लागि सम्बद्ध निकायमा पहल गर्नुका साथै स्थानीय सामाजिक संघसंस्थासँग समन्वय गरेर फोहोर व्यवस्थापनको प्रयास गरेको अध्यक्ष पुनले बताए । पर्यटकको खाने बस्ने सुविधाका लागि सामुदायिक होटल तथा लज सञ्चालनको विषयमा छलफलको तयारी गरेको पनि उनले बताए । *रासस*

●●●

### श्रमिकलाई मारमा...

मन्त्री डा. राणाले त्यस्तो अवस्था आएमा आफूले कूटनीतिक पहल गर्ने आश्वासन पनि दिएकी थिइन् । उनले विमानस्थल मर्मत गरिने सूचना नेपालले छ महिना अघिदेखि नै दिएकाले अहिले आएर विदेशी हवाई कम्पनीले अस्वाभाविक रूपमा भाडा वृद्धि गर्न नहुने बताइन् ।

श्रममन्त्री भण्डारीले श्रमिकलाई अहिले मर्का पर्नु त छँदै छ, यो समस्या राष्ट्रिय समस्या पनि भएकाले समाधानका उपायहरूको खोजी गरिने जानकारी दिए । पर्यटनमन्त्री पाण्डेले विमानस्थल मर्मतको कामको सूचना पहिल्यैदेखि दिइएकाले अहिले हवाई कम्पनीहरूले आफूखुसी मूल्यवृद्धि गर्न नपाउने जिकिर गर्दै समस्याको समाधानका विकल्पका बारेमा छलफल गरिरहेको बताए ।

उनले विमानस्थल मर्मत पनि गर्नैपर्ने काम भएकाले यसलाई निरन्तरता दिँदै यसबाट उत्पन्न असहज परिस्थितिको समाधानका लागि विकल्प खोजिने बताए ।

# पुरातात्त्विक महत्त्वका मूर्त र अमूर्त सम्पदाको चित्रणीकरण गर्दै कामपा

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले सार्वजनिक पर्खालमा पुरातात्त्विक महत्त्वका मूर्त र अमूर्त सम्पदाको चित्रणीकरण काम थालेको छ ।

स्वर्णीम योजनाअन्तर्गत कामपाले आफ्नो क्षेत्रमा रहेको सार्वजनिक पर्खालमा पुरातात्त्विक महत्त्वबारे जानकारी दिने र सहरको सुन्दरता थप बढाउने मुख्य उद्देश्यका साथ चित्रणीकरण थालेको जानकारी दिएको छ ।

असारदेखि असोजसम्म नियमित पानी परेका कारणबीचमा उक्त कार्य रोकिएको थियो । अहिले पानी पर्न रोकिएसँगै उक्त कार्य पुनः सुरु गरेको कामपाको भनाइ छ । ललित कला प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा सार्वजनिक पर्खालका भित्ताहरूमा कलात्मक चित्र लेखन कार्यलाई पुनः सुरु गरेको कामपा प्रशासन विभागका प्रमुख ध्रुवकुमार काफ्लेले जानकारी दिए ।



प्रमुख काफ्लेका अनुसार यसको लागि कामपाले प्रतिष्ठानसँग २०८० फागुन १७ गते सम्झौता गरी काम थालेको थियो । जसअन्तर्गत पहिलो चरणमा सुन्धारा, नयाँबानेश्वर, प्रदर्शनी मार्गका सार्वजनिक भित्ताहरूमा लिच्छवीकालीन, मल्लकालीन चित्रात्मक सभ्यतालई आमसर्वसाधारणले बुझ्ने देख्नेगरी भित्तेचित्र बनाउन थालेको हो । अहिले कोटेश्वर सरस्वती पार्कमा विभिन्न फुटबल र फुटबलसँग सम्बन्धित व्यक्तिको चित्र बनाउने कार्य भइरहेको छ । यसपछि त्रिपुरेश्वर रंगशालाको भित्ता, माइतीघरबाट बबरमहल जाँदा दायाँतर्फको भित्ता, बानेश्वर मीनभवन, लैनचौर समाज कल्याण परिषद्को भित्तामा चित्र कोरिने छन् ।

काफ्लेले भने, 'भित्तामा कोरिएको विभिन्न चित्रहरूले काठमाडौंलाई चिनाउँछन् । काठमाडौंका सम्पदाको भव्यता प्रदर्शन गर्छन् । इतिहास, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक महत्त्व; कला, भाषा, साहित्य, शृंगार, रहनसहन, वेशभूषा, खानपान विम्बित गर्छ, जसले एउटा इतिहास व्यक्त गर्छ ।'

यसरी कोरिएका चित्र जोगाउन नागरिक तहबाट दायित्व निर्वाह हुने कामपाले विश्वास लिएको छ । प्रमुख काफ्लेले भने, 'अब कामपाको सार्वजनिक स्थानका भित्ताहरू विभिन्न चित्र, कुनै रङ छर्केर, पोस्टर वा कागज हासेर होइन ऐतिहासिक सम्पदाले रंगिने छन् ।'

कामपाले सार्वजनिक स्थानमा अहिले बनाइएका चित्र छोप्नेगरी अन्य चित्र बनाउन, पोस्टर वा पम्प्लेट बनाउनेजस्ता कार्य नगर्न आग्रह गरी जीवन्त संस्कार संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न सबैलाई आग्रह गरेको छ । उक्त कार्य निरन्तर सञ्चालन हुने जनाइएको छ ।


## पेन्सन पट्टा हराएको सूचना

मिति २०८१/०७/१४ गते काठमाडौं जिल्ला, काँडाघारीबाट बागबजार जाँदा मेरो निम्न व्यहोरा भएको नेपाल विद्युत् प्राधिकरणको पेन्सन पट्टा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नामः मोहनी प्रसाद कोइराला**
**फोनः ९८४१३८५९८५**
**ठेगानाः काठमाडौं**
**पेन्सन पट्टा नं. : २६८५**
**पेन्सन पट्टा आईडी नं.: ५०२०३**

## मोटरसाइकल हराएको-सूचना

मिति २०८१/०७/०२ गते साँझ ८:२५ देखि ८:३० बजेको बिचमा सामाखुसीचोक,काठमाण्डौबाट बा.प्र.०२,०४२प४०५२ को कालो निलो रङ्गको निम्न व्यहोरा भएको २२० सिसिको बजाज पल्सर मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीः दया अटो ईन्टरप्राईजेज**
ईन्जिन नं.:DKXCMH31153
च्यासिस नं.:MD2A13EX9MCJ96897
सम्पर्क नं.:9851173155



## जापानमा रोजगार

कम्पनी : Accumulation Cooperative

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313049 | चलानी नं. ६०२२७६२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Thermal Insulator | 1 | 0 | 165042 | १४५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १ गते (16th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Florida Recruitment Service Pvt. Ltd.**
Kathmandu-3, Lazimpat. Tel : +977-1-4415253/ 4415252, Fax: +977-1-4415253
Govt. License 322/059/060



## कतारमा रोजगार

कम्पनी : Hands Services Company

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313292 | चलानी नं.६०२२७६३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 3 | 1400 | ५१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Frangieh and associates for trading and contracting

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313290 | चलानी नं.६०२२७६३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | 0 | 1000 | ३७,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Bawarchi Restaurant

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313291 | चलानी नं.६०२२७६३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baraista/waiter | 0 | 2 | 1400 | ५१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chawarma Maker | 1 | 0 | 1500 | ५५,६८० | | | | | | | |
| 3 | Cleaner General | 2 | 0 | 1000 | ३७,१२० | | | | | | | |
| 4 | Service Crew (Sandwich Maker) | 1 | 0 | 1500 | ५५,६८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर १ गते (16th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012, 9707934456
श्रम इजाजत नं. १६६९/०८०/०८१


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, २४ कात्तिक, २०८१

| | |
|---|---|
| **मेष** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **वृष** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको |
| **मिथुन** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ । |
| **कर्कट** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **सिंह** | आफ्नै बेहोसीले नोक्सान पुर्याउला। |
| **कन्या** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । |
| **तुला** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **वृश्चिक** | मार्गदर्शन अनुचित लाग्नेछ । |
| **धनु** | लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । |
| **मकर** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन । |
| **कुम्भ** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **मीन** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२४ कात्तिक, २०८१ (०९ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२९ | १३४.८९ |
| युरो | १ को | १४६.४० | १४७.०५ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.०७ | १७४.८५ |
| स्विस फ्रैन्क | १ को | १५५.५५ | १५६.२४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५७ | ८८.९७ |
| क्यानाडियन डलर | १ को | ९६.५२ | ९६.९६ |
| सिङ्गापुर डलर | १ को | १०२.०० | १०२.४६ |
| जापानी येन | १० को | ८.८५ | ८.८९ |
| चिनियाँ युआन | १ को | १८.९३ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३५.७५ | ३५.९१ |
| कतारी रियाल | १ को | ३६.८५ | ३७.०१ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५६ | ३६.७२ |
| मलेसियन रिङेट | १ को | ३०.७१ | ३०.८५ |
| दक्षिण कोरियन वन | १०० को | ९.७८ | ९.८२ |
| स्विडिस क्रोनर | १ को | १२.५८ | १२.६४ |
| डेनिस क्रोनर | १ को | १९.६३ | १९.७२ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.४० | ४४०.३६ |
| बहराइन दिनार | १ को | ३५६.२० | ३५७.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

स्थानीय तह उपनिर्वाचन

# कति पदका लागि कहाँ–कहाँ हुँदै छ निर्वाचन ?

■ अशोक घिमिरे

**काठमाडौं–** आगामी मंसिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदै छ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुने छ ।

निर्वाचन आयोगका अनुसार ओखलढुंगा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौंको कीर्तिपुर नगरपालिकाका प्रमुख, जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङ...को ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष, दोलखाको गौरीशंकर गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुने छ ।

ताप्लेजुङको सिरिजंगा गाउँपालिका वडा नं ३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुंगाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, राजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुने छ ।

काठमाडौंको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौं महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौंडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगंगा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले जानकारी दिए ।




दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुने छ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ ।

## मंसिर २ गते उम्मेदवारी दर्ता

उपनिर्वाचनका लागि मंसिर २ गते उम्मेदवारी दर्ता गर्नुपर्ने छ । मंसिर २ गते बिहान १० देखि अपराह्न ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने छ भने सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुने छ ।

आयोगका अनुसार २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहमा रिक्त रहेको पदमा महिला उम्मेदवार रहनेगरी मनोनयनपत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिइएको छ ।

मंसिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मंसिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुने छ ।

मंसिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिनसक्ने छ भने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मंसिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने छ ।

## कुन उम्मेदवारले कति खर्च गर्न पाउँछन् ?

निर्वाचन आयोगले उम्मेदवारको मनोयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको अवधिसम्म उम्मेदवारले गर्न पाउने खर्चको हद तोकेको छ । नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले चार लाख ५० हजार रूपैयाँ, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले तीन लाख ५० हजार रूपैयाँ, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखका उम्मेदवारले ५० हजार रूपैयाँसम्म खर्च गर्न सक्ने छ । महानगरपालिकाका वडाध्यक्ष पदका उम्मेदवारले तीन लाख रूपैयाँ, नगरपालिका वडाध्यक्ष पदका उम्मेदवारले दुई लाख रूपैयाँ र गाउँपालिकाका वडाध्यक्षले एक लाख ५० हजार रूपैयाँ खर्च गर्न सक्ने छ ।

आयोगले यही कात्तिक १ गते आसन्न स्थानीय तह उपनिर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय तोकेको छ । उपनिर्वाचन हुने जिल्लामा रिक्त नगरपालिकाका प्रमुख तथा उपप्रमुख र गाउँपालिकाको अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका सम्बन्धित स्थानीय तहको केन्द्रमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय रहने छ । वडाध्यक्षको मात्र निर्वाचनका लागि सम्बन्धित वडाको केन्द्र रहेको स्थानमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतको कार्यालय रहने आयोगले जनाएको छ ।

## उपनिर्वाचनका लागि २५ राजनीतिक दल दर्ता

उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन् । आयोगमा दर्ता भएका २६ राजनीतिक दलमध्ये रीत पूरा भएका २५ दल दर्ता गरिएका आयोगले जनाएको छ ।

उपनिर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी, नेपाल समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, आम जनता पार्टी र नेपाल मजदुर किसान पार्टीले सहभागिता जनाउने छन् ।

यसैगरी मंगोल नेसनल अर्गनाइजेसन, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, बहुजन एकता पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, हाम्रो नेपाली पार्टी, नेकपा माले, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेसनल रिपब्लिक नेपाल, राष्ट्रिय जनता पार्टी नेपाल, नेपाली कांग्रेस (बिपी), राष्ट्रिय मातृभूमि पार्टी, जनमत पार्टी र नेपाली जनता दल दर्ता भएका छन् । *रासस*

# प्रस्ताविक मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा नगर्न माग



**काठमाडौं (प्रस)–** प्रस्ताविक मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा नगर्न माग गर्दै नेपाल आदिवासी जनजाति महासंघले शुक्रबार वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई ज्ञापनपत्र बुझाएको छ ।

महासंघका केन्द्रीय अध्यक्ष गेल्जे लामा शेर्पाको टोलीले वनमन्त्री शाहीलाई ज्ञापनपत्र बुझाएको हो । सरकारले सोलुखुम्बु जिल्लाको महाकुलुङ, सोताङ र माप्य दुधकोशी गाउँपालिकालाई समेटेर मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको छ । उक्त कार्य सरोकारवाला आदिवासी जनजाति समुदायसँगको परामर्शविना नै हुन लागेकाले महासंघले यस विषयप्रति गम्भीर ध्यानाकर्षण गराउन ज्ञापनपत्र बुझाएको जनाएको छ ।

नेपालको संविधानको धारा ५१(ञ) को ८, जैविक विविधता महासन्धी १९९२, आइएलओ महासन्धि १६९ लगायतमा उल्लेख भए विपरीत सरकारले एकलौटी ढंगबाट मेरापिक राष्ट्रिय निकुञ्ज घोषणा गर्ने तयारी गरेको ज्ञापनपत्रमा उल्लेख छ ।

'आदिवासी जनजातिहरूको प्रथाजनित अभ्यास र परम्परागत जीवन पद्धतिलाई उपेक्षा गर्दै आदिवासी जनजातिहरूको प्राकृतिक स्रोतसाधनको उपयोगमा बन्देज लगाउँदै राज्यले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र र सिकार क्षेत्रहरू घोषणा गरिरहयो । आदिवासी जनजातिहरूको मानवअधिकार उल्लंघन भइरहयो,' ज्ञापनपत्र बुझाउँदै महासंघका अध्यक्ष शेर्पाले भने, 'हाल सोलुखुम्बुमा घोषणा गर्न लागिएको राष्ट्रिय निकुञ्जले फेरि हामी आदिवासी जनजातिको थातथलो खोसिन लागेकोप्रति सशंकित र आतंकित बनाएको छ ।'

महासंघले ज्ञापनपत्रमा आदिवासी जनजातिहरू प्राकृतिक स्रोत जल, जंगल र जमिनको दिगो व्यवस्थापन गर्दै यसको समुचित सदुपयोग गर्ने समुदाय भएकाले प्राकृतिक स्रोतहरूको असली संरक्षक र हकदार भएको उल्लेख गरेको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र नियमावली २०३० ले आदिवासीका थुप्रै प्रथाजनित अभ्यास र परम्परागत ज्ञानमाथि हस्तक्षेप हुँदा आदिवासी समुदायले थातथलो नै छोड्नु परेको महासंघले जनाएको छ । हाल कायम रहेका निकुञ्ज, संरक्षित क्षेत्रलगायतमासमेत प्राकृतिक स्रोतमाथि आदिवासी जनजातिको अधिकारलाई सुनिश्चित गर्न महासंघले सरकारसमक्ष माग गरेको छ ।


## रिलायबल भेञ्चर क्यापिटल लिमिटेडको

**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१ कार्तिक १५**
**दोस्रो पटक प्रकाशित मिति : २०८१ कार्तिक २५**

यस रिलायबल भेञ्चर क्यापिटल लिमिटेडको मिति २०८१ कार्तिक १३ (तदनुसार 29th October 2024) गते बसेको ४२औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं रितपुर्वक प्रतिनिधि वा शेयरधनी स्वयं उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८१ साल मंसिर १२ गते, बुधबार (तदनुसार 27th November 2024, Wednesday)

समय : अपरान्ह ४:०० बजे ।

स्थान : अकामा होटल, धुमबाराही, काठमाडौं (अनलाईन माध्यमबाट सहभागी हुन चाहने शेयरधनी महानुभावहरुले Zoom Meeting को ID/Password को लागि सम्पर्क गर्न अनुरोध छ) ।

**छलफलका विषयहरु**

**(क) साधारण प्रस्तावहरु :**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०८०/०८१ पारित गर्ने सम्बन्धमा ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०८०/०८१ को नाफा नोक्सान हिसाब र सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब, नगद प्रवाह विवरण लगायतका सम्पूर्ण सम्बन्धित वित्तीय विवरणहरु पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

RELIABLE VENTURE CAPITAL LIMITED
रिलायबल भेञ्चर क्यापिटल लिमिटेड
Reliable Venture Capital Limited
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ०१ ५९११२९७ इमेल: info@reliableventure.com.np


# सहरीकरणमा देखिएका चुनौती सम्बोधन गर्न राष्ट्रसंघसँग सहकार्य गरिने

**काठमाडौं (प्रस)–** उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले मुलुकका प्रमुख सहरी चुनौती सम्बोधन गर्न 'युनाइटेड नेसन्स हयुमन सेटलमेन्ट प्रोग्राम' (युएन-हयाबिटेट) सँग सहकार्य गरिने बताएका छन् ।

इजिप्टको कायरोमा जारी 'वर्ल्ड अर्बान फोरम'को कार्यक्रममा शुक्रबार युएन हयाबिटेटका एसिया र प्रशान्त क्षेत्रीय प्रतिनिधि काजुको इसिगाकी र नेपालका लागि संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि हाना सिंगर हयाम्डीसँग मन्त्री सिंहले द्विपक्षीय बैठक गरेका थिए । बैठकमा उनले नेपालले सामना गरिरहेको प्रमुख सहरी चुनौतीलाई सम्बोधन गर्न सहकार्य आवश्यक रहेकामा जोड दिएका उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्रीको सचिवालयले जनाएको छ ।

भेटमा इसिगाकीले तथ्य र तथ्यांकमा आधारित योजनामा युएन हयाबिटेटको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । त्यसैगरी नेपालका लागि आवासीय प्रतिनिधि हयाम्डीले दिगो सहरीकरणका लागि बलियो सहकार्य गर्न संयुक्त राष्ट्रको समर्थन रहने जानकारी गराए ।

मन्त्री सिंहको सचिवालयका अनुसार दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न र सहरी योजनालाई मुख्य प्रवाहमा ल्याउने जटिल सहरी चुनौतीको सामना गर्न युएन हयाबिटेटको भूमिकामासमेत आवासीय प्रतिनिधि हयाम्डीले जोड दिए । विश्व फोरममा नेपालका तर्फबाट उपप्रधानमन्त्री सिंहले तीनवटा सत्रमा सम्बोधन गरेका थिए ।

उपप्रधान एवं सहरी विकासमन्त्री सिंहले नेपालमा जलवायु परिवर्तनले पारेको असरबारे चर्चा गर्दै जलवायु न्यायको माग गरेका थिए । नेपालजस्ता विकासोन्मुख देशले कम कार्बन उत्सर्जन गरेता पनि जलवायु परिवर्तनको प्रत्यक्ष असर धेरै देखिएकाले अन्तर्राष्ट्रियस्तरको जलवायु वित्तमा सजिलो पहुँच र प्राविधिक सहयोगमार्फत मात्र जलवायु न्याय हुने कुरा विश्व समुदायसमक्ष जोडदाररूपमा उठाएका मन्त्री सिंहको सचिवालयले जनाएको छ । इजिप्टको कायरोमा नोभेम्बर ४ बाट सुरु भएको फोरम शुक्रबार समापन भएको छ ।


**युएइमा रोजगार** कम्पनी : SKILL FORCE SECURITY SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313188 | चलानी नं. ६०२२७६३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 7 | 2000 | ७३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: CP Hotel, Birtamode, Jhapa मा मिति: २०८१ मंसिर १ गते (16th Nov. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय कलंकी, काठमाडौंमा मिति: २०८१ मंसिर २ गते (17th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD. Govt. License 759/064/065
Kalanki 14, Kathmandu, Nepal, Tel.- +977- 01-5219205, 5219584, Fax: 4361050

**ओमनमा रोजगार** कम्पनी: AFAQ GOLDEN CITY

पुन: स्वीकृत मिति : २०८१/०७/२३ | LT. No. 313273 | चलानी नं ६०२२७६४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 100 | ३५,०७३ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १ गते (16th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUPREME OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. 301/059/060
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464
Fax: 01-4600047Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

**कुवेतमा रोजगार** कम्पनी : HOLIDAY INN KUWAIT ALTHURAYA CITY

पूर्व स्वीकृति मिति २०८०/१२/२७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०७/२३ | LT. No. 303305 | चलानी नं. ६०२१८०८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 2 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bellman | 5 | 1 | 120 | ५१,८९५ | | | | | | | |
| 3 | Cleaner/hotels | 20 | 10 | 100 | ४३,२४५ | | | | | | | |
| 4 | Commi I /Chef/Cook | 10 | 5 | 140 | ६०,५५५ | | | | | | | |
| 5 | Commi II /Chef/Cook | 10 | 5 | 125 | ५४,०५५ | | | | | | | |
| 6 | Commi III/Kitchen Helper | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 7 | Demi Chef De Partie | 5 | 0 | 175 | ७५,६८० | | | | | | | |
| 8 | Driver | 5 | 0 | 170 | ७३,५२० | | | | | | | |
| 9 | HK Attendant/Cleaner | 10 | 10 | 110 | ४७,५७० | | | | | | | |
| 10 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६५,१७५ | | | | | | | |
| 11 | Laundry Attendant | 10 | 5 | 120 | ५१,८९५ | | | | | | | |
| 12 | Life Guard | 2 | 2 | 140 | ६०,५५५ | | | | | | | |
| 13 | Pastry/baker | 5 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 14 | Receptionist/gsa | 3 | 5 | 135 | ५८,३८० | | | | | | | |
| 15 | Security Guard | 5 | 0 | 125 | ५४,०५५ | | | | | | | |
| 16 | Sous Chef | 2 | 0 | 500 | २१६,२३० | | | | | | | |
| 17 | Steward/dishwasher | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 18 | Tailor | 2 | 0 | 140 | ६०,५५५ | | | | | | | |
| 19 | Technician | 4 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 20 | Waiter/waitress | 20 | 10 | 120 | ५१,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १ गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Supreme Overseas Pvt. Ltd. श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

**साउदीमा रोजगार** कम्पनी : IBRAHIM ABDULLAH AI-SUWAID CONTRACTING COMPANY शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०७/०४ | LT. No. 313050 | चलानी नं.६०२२७६२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 3 | 0 | 1000 | ३५,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COLOR ANTIQUE GENERAL CONTRACTING ESTABLISHMENT OWNED BY HASSAN ABDUL HAMID AL-ABDUL KARIM

पूर्व स्वीकृति मिति : २०८१/०७/०४ | LT. No. 312402 | चलानी नं.६०२२७६२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 2 | 0 | 1200 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १ गते (16th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD. Govt. License No. 1090/073/74
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com

**युएइमा रोजगार** कम्पनी: SHENYANG YOUNDA ALUMINIUM INDUSTRY ENGINEERING CO. LTD.

पूर्व स्वीकृत मिति : २०८१/०७/२३ | LT. No. 313356 | चलानी नं ६०२२७६४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum / Metal Door Maker | 10 | 0 | 1200 | ४४,११९ | क. नि. अनुसार | क. नि. अनुसार | ६ दिन | क. नि. अनुसार | क. नि. अनुसार | | २ वर्ष |
| 2 | Building Labour | 10 | 0 | 1000 | ३६,७८८ | | | | | | | |
| 3 | Plaster | 10 | 0 | 1200 | ४४,११९ | | | | | | | |
| 4 | The Formation Of Thin Sheet Metal Worker | 10 | 0 | 1200 | ४४,११९ | | | | | | | |
| 5 | Tile Polisher | 10 | 0 | 1200 | ४४,११९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १ गते (16th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्भौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KOPERASI INTERNATIONAL PVT. LTD. श्रम ईजाजत नं. 1287/074/75
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9767483111, Email: Koperasi227@gmail.com

# पुरानो सदरमुकाम भजनी

## कृषि र पर्यटनमा प्रचुर सम्भावना



▶▶ सिद्धराज भट्ट/ झलनाथ खनाल / कैलाली

कैलाली जिल्लाको भजनी बजार जिल्लाको पुरानो सदरमुकामको रूपमा रहेको इतिहास धेरै भएको छैन । हरेक सम्भावनाले भरिएको भजनीलाई कैलाली जिल्लाको सदरमुकाम थियो भन्दा अहिलेको पुस्तालाई पत्याउन गाह्रो हुन्छ । आज भजनीले भोगिरहेका अभावका अगाडि त्यो पुरानो सदरमुकामको कुरा गर्दा नयाँ पुस्ताले अनौठो मान्ने गर्छन् ।

वि.सं. २०३८ सम्म जिल्लामा हुनुपर्ने कतिपय कार्यालय भजनीमै थिए । त्यति बेला निर्माण भएका कयौं संरचनाको अंश आजका दिनमा जीवित छन् । पुरानो सदरमुकामका बासिन्दा केही दशकदेखि प्राकृतिक विपद्लगायत चुनौतीसँग लड्न र जुध्नबाध्य भइरहेका छन् ।

यो क्षेत्रका लागि वर्षायाममा हुने बाढी, नदी कटान र डुबानको समस्या ठूलो चुनौती बन्ने गरेको छ । बाढी डुबानले सयौं परिवार विस्थापित हुने गरेका छन् । चारैतिरबाट नदीले घेरिएको भजनी बजारका लागि कान्द्रा, मोहना, काढा र पथरैया नदी बाढीको जोखिम निम्त्याउने माध्यम बनेका छन् ।

'बाढी र डुबानको समस्यालाई दिगो रूपमा समाधान गर्न सक्यो भने यस क्षेत्रको विकासले फड्को मार्न सक्थ्यो,' भजनी नगरपालिकाका प्रमुख केवल चौधरीले भने, 'हाम्रो स्रोतले भजनीलाई ओभानो राख्न सक्ने स्थिति छैन । संघ र प्रदेश सरकारले हाम्रो पीडालाई बुझ्न र महसुस गर्न सकेको छैन ।'

स्थानीय नदी तथा खोलाको सतह बर्सेनि बढ्दै गएसँगै सामान्य वर्षामा भजनी क्षेत्र डुबानको चपेटामा पर्ने गरेको नगरपालिकाका प्रवक्ता विक्रम चौधरी बताउँछन् । 'जमेको वर्षाको पानी थुनिने गरी हुलाकी राजमार्ग निर्माण हुँदा डुबानको समस्या निम्तियो,' चौधरीले भने, 'अन्तर्राष्ट्रिय सीमादेखि आठ/१० किलोमिटरको दूरीमा रहेको भारतको घाँघरा नदीमा बनेको बाँधका ढोका बन्द गरिँदा पनि कैलालीको दक्षिणपूर्वका भजनीसहितका क्षेत्रमा डुबान हुने गरेको छ ।'

डुबान र नदी कटानकै कारण कतिपय गाउँका वस्तीलाई अन्यत्रै स्थानान्तरण गर्नुपर्ने देखिएको स्थानीयको भनाइ छ । कुनै समयमा भारत, बंगलादेश, श्रीलंकालगायत देशमा चामल निर्यात गर्नमा देशमै स्थान बनाएको भजनीको राइस मिल बन्द भएको लामो समय भइसकेको छ । नजिकको सीमा क्षेत्रमा सञ्चालनमा रहेका दुई भन्सार कार्यालयमध्ये कुसुमघाट भन्सार कार्यालय बन्द भइसकेको छ ।

'भजनीवासीका दुःख हटाउन नदी नियन्त्रणसम्बन्धी बृहत् गुरुयोजना बनाएर अघि बढ्नुपर्ने देखिएको छ,' प्रवक्ता चौधरीले भने, 'यसका लागि प्रदेश र संघीय सरकारसँग पहल गरिरहेका छौं ।'

त्यसबेलाको केन्द्र शासनसँग समन्वय गरेर चिसापानीदेखि दक्षिण भजनी लालभोझीसम्मको क्षेत्रलाई जिल्ला कायम गरी सरकारी कामकाजको सुरुआत गराउने स्वर्गीय सुब्बादिलीप सिंह मल्लको भूमिकालाई भजनीवासीले आज पनि बिर्सेका छैनन् । स्वर्गीय मल्ल सुदूरपश्चिम प्रदेशका प्रथम प्रदेश प्रमुख स्व. मोहनराज मल्लका बुवा थिए ।

त्यो बेला मल्लहरू त्यस क्षेत्रको ठूला जमिनदार थिए । सबै राजकाज मल्लहरूकै चल्थ्यो । त्यस ठाउँमा बसोबास गर्ने मल्ललाई भजनीको रैथाने पनि भनिन्छ । स्थानीय प्रदीप मल्लकाअनुसार यो क्षेत्रमा डगौरा थारु र मल्लको बसोबास सँगसँगै भएको पाइन्छ ।

'म २०१६ मा भजनीमै जन्मिएको हुँ, मलाई थाहा छ त्यो बेला सरकारी अड्डा, थाना, खाद्य, सहकारी सबै कार्यालय भजनीमै थिए,' स्थानीय समाजसेवी हेमेन्द्र भारद्धाज भन्छन्, 'आज पनि केही संरचनाको अवशेष बाँकी छन् ।'

उसो त बर्दियाभन्दा पश्चिम एकमात्र स्वस्थ्य केन्द्र भजनीमा नै थियो । त्यसबेलाको टेलिफोनको टावर आज पनि छ । कृषि सहकारीको खाद्य गोदाम छ । वि.सं. २०१५ मा सो क्षेत्रमा भजनी निम्न माध्यमिक विद्यालय विद्यालय स्थापना भएको थियो । वि.सं. २०३५ मा उक्त विद्यालयको नाम परिवर्तन गरी महुन्याल बनाइएको भारद्धाजले बताए ।

उसो त सुदूरपश्चिम पश्चिम तराईका कञ्चनपुर र कैलाली जिल्ला उतिबेला सुवर्ण शमशेरको बिर्ता भएको भन्ने पनि छ । त्यसबेला कैलाली जिल्लालाई चार भागमा विभाजन गरेर शासन प्रशासन चलाइने गरेको बताइन्छ । कैलालीको दक्षिणपूर्वी खक्रौलादेखि टीकापुर लम्कीहुँदै चुरेसम्मको क्षेत्रमा शाही, मध्य भागको भजनीदेखि दरख, साढेपानी हुँदै उत्तरतिर चुरेसम्म मलवारा क्षेत्रमा मल्ल, हसुलियादेखि चौमाला हुँदै चुरेसम्म महत्तो र धनगढीदेखि गोदावरी हुँदै चुरेसम्म बमलाई हेर्ने जिम्मा दिइएको इतिहास रहेको पत्रकार दुर्गाप्रसाद भण्डारी बताउँछन् ।

'मलवारा भजनी क्षेत्रमात्र होइन, यसको क्षेत्र भजनीदेखि चुरे क्षेत्रको पण्डौनसम्म हो, मल्लहरूको क्षेत्र भएकाले 'मल्लबाडा' हुँदै थारु भाषामा 'मलवारा' भएको हो, यसैलाई नेपालीमा पछि मलवार भनियो,' उनले भने ।

त्यसबेला कुनै राज्यबाट कसैमाथि सजाय दिइँदा कालापानी पठाउने गरिन्थ्यो । त्यसैको सिकार हेमेन्द्र भारद्धाजका बुवा परे । वि.सं. २०१५ मा बिपी कोइराला प्रधानमन्त्री हुँदा उनीसँगको खटपटले काठमाडौं छोडेर भजनी पुगेको उनको भनाइ छ ।

वि.सं. २०३८ बाट भजनी पहिलेकै स्थितिमा स्थिर रहन सकेन । त्यसपछि त्यहाँबाट हुँदै आएको अधिकांश कामकाज धनगढी सारियो । भजनीभन्दा धनगढी र टीकापुर क्षेत्रका विकासका सम्भावना प्राथमिकतामा पर्न थाले ।

### हुलाकी राजमार्गः सम्भावनाको आधार

हुलाकी राजमार्गलाई भजनीवासीले सम्भावनाको मार्गको रूपमा हेरेका छन् । हुलाकी राजमार्गसँगै जोडिएको भजनी पूर्व-पश्चिम राजमार्गको कैलाली खण्डबाट करिब २५ किलोमिटर दक्षिणमा पर्छ । आज हुलाकी राजमार्ग वर्खायाममा त्यस क्षेत्रका नागरिकको सुरक्षित रहने आधार बनेको छ । बाढी र डुबानको समयमा यसबाट जोगिन विस्थापित परिवार बस्तीभन्दा अग्लो यसै हुलाकी सडकमा आश्रय लिएर बस्ने गर्छन् । 'सडक नहुँदासम्म वर्षात्को समयमा सुरक्षित रहन निकै गाह्रो थियो,' स्थानीय शम्भु चौधरी भन्छन्, 'आज बाढी आएपछि हुलाकी सडक आश्रय लिन हाम्रा लागि वरदान बनेको छ ।'

अर्कोतिर बाढी तथा डुबानका लागि हुलाकी राजमार्ग कारक पनि बनेको छ । बस्तीबाट निकै माथि उठाइएको हुलाकी सडकभन्दा होचो भूभागमा स्थानीयवसीका घर छन् । सडकबाट पानीको निकास नहुँदा डुबानको जोखिम बढ्ने गरेको स्थानीय खेमराज पाण्डे बताउँछन् ।

'हुलाकीले सडक सञ्जालमा भजनीलाई जोड्ने काम हुँदा यो क्षेत्रको विकासको आयाममा इट्टा हुलाकी सडकले थपेको छ,' उनी भन्छन्, 'तर पनि सडकभन्दा गहिरो भागमा पहिलेदेखि नै बस्ती हुँदा सडककै कारण सहजरूपमा पानीको निकास हुन नपाएर डुबानको जोखिम विकराल हुने गर्दछ ।'

### कृषि र पर्यटन विकासको सम्भावना

यस क्षेत्रमा खेतीयोग्य उर्वर भूमि ठूलो क्षेत्रफलमा छ । १७ हजार ६२५ हेक्टरमा फैलिएको भजनीमा आठ हजार ९१४ हेक्टर खेतीयोग्य जग्गा छ । त्यहाँको करिब ८० प्रतिशत जनसंख्या कृषि पेसामा आबद्ध रहेको भजनी नगरपालिकाको तथ्यांकमा उल्लेख छ ।

नगरपालिकाका कृषि शाखा प्रमुख सुशोभन अधिकारीका अनुसार आठ हजार २८० हेक्टरमा खेती गरिँदै आएको छ भने छ हजार ९१५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । चार हजार २४० हेक्टरमा वर्षभरि सिँचाइ सुविधा छ । भजनी नगर क्षेत्रमा पाँच हजार ९०३ हेक्टर क्षेत्र जंगलले ओगटेको छ ।

पर्यटन तथा पर्यावरणीय दृष्टिले यो क्षेत्रको महत्त्व ठूलो छ । यो क्षेत्रलाई 'बर्का बनुवा' (ठूलो वन) मार्गको रूपमा चिनिन्छ भने पाँच कोसीय वन यसै क्षेत्रमा छ । सीमापारी भारतको दुधुवा राष्ट्रिय निकुञ्जदेखि चुरे क्षेत्रसहित बर्दिया राष्ट्रिय निकुञ्जसम्म जोड्ने मार्गको रूपमा यो क्षेत्रलाई हेरिने गरिएको संरक्षणकर्मी विजयराज श्रेष्ठ बताउँछन् ।

भजनी क्षेत्र दुर्लभ संरक्षित चराचुरुंगीको प्राकृतिक वासस्थानका रूपमा रहेको छ । यहाँ सारस, घुडिफोर, खर मजुर, राजधनेषजस्ता चराचुरुंगीहरू पाइन्छन् । बाहिरबाट बसाइँ सरेर आउने साइबेरियन चराहरू भजनी क्षेत्रमा आउने गरेका छन् ।

विश्वकै दुर्लभ जलचर प्राणी डल्फिनलाई यसै क्षेत्रका नदीमा अवलोकन गर्न पाइन्छ । डल्फिनसँगै घडियाल, मगर गोही, पानीमा बस्ने ओद, पाटेबाघ, अजिंगरसहित जंगली हात्तीले बच्चा जन्माएको इतिहास पनि यो क्षेत्रसँग रहेको श्रेष्ठको भनाइ छ । यहाँ थुप्रै सामुदायिक र निजी वन पनि छन् । आधा नेपालमा र आधा भारतको भूमिमा पर्ने बञ्जरिया नाम गरेको ताल भजनी क्षेत्रमै पर्छ ।

'पर्यटकीय सम्भावना र जैविक विविधताका दृष्टिकोणले यो क्षेत्र निकै सम्पन्न छ, यहाँ सबै कुरा छ,' श्रेष्ठ भन्छन्, 'यहाँको विविधतालाई विशेषतामा परिणत गर्नसक्यो भने धेरै ठूलो सम्भावना छ ।'

बर्दिया र चितवन राष्ट्रिय निकुञ्जमा पुगेका विदेशी पर्यटक भजनी सर्किटसम्म आउने गरेको पाइन्छ । जीवजन्तु संरक्षणका लागि विगतमा गुलेली संकलनको अभियान भजनी क्षेत्रबाटै सुरु गरिएको थियो । संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका भोजराज श्रेष्ठलाई अभियानपछि गुलेली बाजेको उपनाम पनि दिइएको थियो । श्रेष्ठले पर्यटन क्षेत्रको प्रचारप्रसार र संरक्षणका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

लोपोन्मुख जातिको सूचीमा रहेको राजी जातिको बसोबास यसै क्षेत्रमा छ । नगरपालिका-९ को भुरुवा गाउँमा राजी जातिको बसोबास रहेको छ । *रासस*

# जलवायु परिवर्तन प्रभावको असर विदेशी पर्यटक चरामा

▶▶ विवेक मिश्र / मोरङ

हिउँद सुरु भएसँगै जाडो छल्न पर्यटक चरा नेपाल आउने गर्छन् । चैत अन्तिमसम्म जाडो छल्न नेपालमा रहने विदेशी पर्यटक चरामा पछिल्लो समय जलवायु परिवर्तनको प्रभाव देखिन थालेको छ ।

जलवायु परिवर्तन प्रभावका कारण आवास परिवर्तन, खाद्यचक्रको परिवर्तन, प्रवासनको समय परिवर्तन, रोग र परजीवीहरूको वृद्धिलगायत समस्याले आगन्तुक चरामा असर पुगेको देखिन्छ । उपयुक्त वातावरण अभावमा आगन्तुक पर्यटक चराको संख्यामा कमी देखिन थालेको कोशीटप्पु लर्निङ ग्राउण्ड्समा कार्यरत प्राकृतिक पदप्रदर्शक चरा जानकार अनिश तिम्सिना बताउँछन् । 'जलवायुको असरसँगै सरकारी निकायबाट चरा तथा वन्यजन्तुको उचित बासस्थान साथै आहाराको व्यवस्थापन आवश्यक छ,' तिम्सिना भन्छन् ।

सिमसारलगायत चराको उपयुक्त बासस्थानमा विभिन्न किसिमका मिचाहा वनस्पतिलाई व्यवस्थित गरी रैथाने प्रजातिका वनस्पतिको संरक्षणमा सबै लाग्नुपर्ने चरा जानकार तिम्सिना बताउँछन् । खेतबारीमा लगाइएको अन्नबालीमा बढ्दो विषादी प्रयोगले चरालाई संकट बढ्दै गएको हुँदा सबै सरोकारवाला निकायको त्यसतर्फ ध्यान जान जरुरी रहेको तिम्सिनाको भनाइ छ ।

कोशीटप्पु वन्यजन्तु आरक्ष चराको राजधानीजस्तै मान्ने गरिन्छ । देशभरि पाइने ८९५ चरामध्ये हाल यहाँ ५३५ चरा फेला परिसकेका छन् । कोशी बर्ड सोसाइटीको अगुवाइमा भएको जलपक्षी गणना सन् २०२३ मा कोशीटप्पु वन्यजन्तु आरक्षमा ५८ प्रजातिका १३ हजार ६६८ को संख्यामा चरा आएको तथ्यांक छ । 'नेपालमा पाइने सबै प्रजातिका चरा पनि वर्षभरि नै नेपालमा रहन्छन् भन्ने हुँदैनन्,' बर्ड वाचिङ क्याम्प कोशीटप्पुका सञ्चालक कुरमान मन्सुरीले भने, 'नेपालमा हिउँदमा आउने हिउँदे आगन्तुक र वसन्त ऋतुको आगमनसँगै आउने आगन्तुक पाहुना चराको बसाइँसराइ वर्षभरि नै निरन्तर चलिरहन्छ ।'



कोशीटप्पुमा बर्सेनि नयाँनयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि विगत वर्षमाझैं झुण्डझुण्डमा आउने चराको संख्यामा भने कमी आएको मन्सुरी बताउँछन् । उनका अनुसार कोशीटप्पुकै आसपासको बर्जुताल र मोरङको बेतना सिमसारमा भने अझै पनि पाहुना चरा झुण्डमै आउने गरेको पाइएको छ ।

मोरङको बेलबारी नगरपालिकास्थित वेतना सिमसार वन उपभोक्ता समितिका अध्यक्ष शम्भु भट्टराईकाअनुसार कोशीटप्पुमा आउने प्रायःजसो पाहुना चरा यहाँ पनि आइपुग्छन् । नेपालका विभिन्न भागबाट साथै दक्षिण भारत र साइबेरियासम्मका चरा वेतनामा मज्जाले हेर्न पाइन्छ । विशेषगरी मंसिरदेखि चैतसम्म विदेशी चरा यहाँ बस्ने गर्छन् । पछिल्लो समय जलवायु परिवर्तन प्रभावका कारणको कारण हुनसक्छ विगतका वर्षहरूमा जस्तो चराको झुण्ड कम देखिन्छ ।

बेलबारीका जीव विज्ञान जानकार डिल्ली कोइरालाले भने, 'उत्तरी ध्रुवमा हिमपात सुरू भएसँगै हिउँदयामको बढ्दो जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भूभाग तथा तालतलैया र नदी आसपासमा हजारौं पर्यटक चरा बसाइँ सरी नेपालका विभिन्न सिमसार, खोलानालामा आउने गर्दछन् ।' उनका अनुसार जलवायु परिवर्तनका कारण चराले प्रवासनको समय परिवर्तन गर्न सक्छ, जसले तिनीहरूको प्रजनन र अवतरणमा असर पार्न सक्ने साथै चरा बस्ने स्थानको तापमान र वर्षापातको ढाँचा परिवर्तन गर्न सक्छ र तिनीहरूको जन्म स्थानमा असर पार्न सक्छ ।

बर्सेनि करिब १५० प्रजातिका चरा रुस, किर्गिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरवैजान, चीन, मंगोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रबाट नेपालमा आउने गरेको तथ्यांक छ । करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान र श्रीलंकातर्फ जाने गर्छन् । जाडो छल्न आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्छन् ।

जाडोयाममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् । अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झचाप्सी, भद्राइ आदि पर्दछन् । दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौं ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्छन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् । उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ ।

नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान तथा कृषि भूमि हुन् । *रासस*

# उल्लासपूर्वक मनाइयो छठ













१) छठ पर्वका अवसरमा पश्चिम नवलपरासीको सरावल गाउँपालिका-४ बडसारमा उदाउँदो सूर्यलाई अर्घ्य दिँदै व्रतालु । बिहीबार छठी माताको पूजा आराधना एवं अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सुरु भएको छठ पर्व शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि व्रतालुले व्रत समापन गर्ने परम्परा रहेको छ ।

२) सुनसरी सदरमुकाम इनरूवा-१ स्थित शंकरपुर शाखा नहरको जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य दिँदै भक्तजन ।

३) सप्तरीको राजविराज नगरपालिका-३ स्थित कल्टुपोखरीमा शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै व्रतालु ।

४) कमलपोखरीमा छठ पर्वका अवसरमा शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिँदै व्रतालु । *तस्बिरहरूः रासस*

# जाइकाले गऱ्यो क्षतिग्रस्त बिपी राजमार्गको निरीक्षण

■ **राजकुमार पराजुली**

**काभ्रेपलाञ्चोक-** गत असोज दोस्रो साताको बाढीपहिरोबाट क्षतिग्रस्त बिपी राजमार्ग पुनर्निर्माणका लागि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को प्राविधिक टोलीले स्थलगत अवलोकन सुरु गरेको छ । कात्तिक दोस्रो साता दुई दिन र बिहीबार गरी दुईपटक अवलोकन-निरीक्षण भएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

यसअघि कार्यालय पनि क्षतिग्रस्त सडक पुनर्निर्माणबारे जाइकाको निर्णयको पर्खाइमा थियो । जाइकाको प्राविधिक टोलीले दुईपटक अवलोकन निरीक्षण गरिसकेको र आगामी डिसेम्बर पहिलो हप्तासम्ममा प्रतिवेदनसहित निर्णय आउने कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार जाइकाको निरीक्षण-प्रतिवेदनसँगै नेपाल सरकारले पनि पुनर्निर्माणको तयारी गरिरहेको छ ।

उक्त राजमार्ग पुनर्निर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग शिष्टाचार भेट गरी सहयोगबारे छलफल गरेका थिए । 'जाइकाको प्रतिक्रियाको पर्खाइमा पनि छौं, डिसेम्बर पहिलो हप्तासम्ममा जाइकाको निर्णय आएपछि निर्माण थालिने छ,' इञ्जिनियर योगेशले भने, 'पुनर्निर्माणका ढिला गर्ने पक्षमा छैनौं, नेपाल सरकारद्वारा तत्कालै निर्माण थाल्नेगरी सरोकारवाला निकायसँग छलफलसँगै सर्वे र डिजाइनको तयारी पनि सुरु भइसकेको छ ।' जाइकाले निर्माण नगरे करिब दुई महिनाभित्र सडकको पुनर्निर्माण गर्न डिभिजन सडक कार्यालयले नै सुरु गर्ने उनको भनाइ छ । उक्त राजमार्गको सडक पुनर्निर्माण गर्न सात अर्ब रूपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास) अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको बर्खेखोलासम्मको सडकखण्डको अधिकांश सडक क्षतिग्रस्त अवस्थामा रहेको छ । बाढीपहिरोले अवरुद्ध राजमार्ग दुई हप्तापछि सञ्चालनमा ल्याइए पनि सुक्खा पहिरोको जोखिमका कारण कार्यालयले गत असोज ३० गतेदेखि नै साँझ छ बजेदेखि १० घण्टा (रातको समय) यातायात सञ्चालमामा रोक लगाउँदै आएको छ ।

संघीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा रहेको उक्त राजमार्ग कतै एकतर्फी तथा कतै दुईतर्फी हुनेगरी सञ्चालनमा ल्याइएको छ । योगेशका अनुसार प्रधानमन्त्री ओलीसँग राजमार्ग पुनर्निर्माणबारे भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले थप छलफल भइरहेको छ । बाढीपहिरोका कारण पूर्णरूपमा अवरुद्ध भएको उक्त राजमार्ग सडक विभाग, डिभिजन कार्यालय, राजमार्गअन्तर्गतका स्थानीय तहहरू, नेपाली सेनालगायत सुरक्षाकर्मी तथा स्थानीयको निरन्तरको पहलमा गत असोज २५ गतेबाट सञ्चालन गरिएको हो ।



पछिल्लोपटक राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-९ मंगलटारस्थित बोक्सीकुनामा डाइभर्सन बनाएसँगै उक्त स्थानमा हाल एकतर्फी सञ्चालनमा ल्याइएको योगेशले बताए । उनका अनुसार बाढीपहिरोले राजमार्गको काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-६ र रोशी-७ को सीमास्थल चौकीडाँडामा बगाएको करिब २०० मिटर सडक पनि अस्थायीरूपमा एकतर्फी खुलाइएको छ ।

बाढीपहिरोले चौकीडाँडादेखि सिन्धुलीको सीमास्थल नेपालथोकसम्म क्षति पुऱ्याएपछि उक्त राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको थियो । 'राजमार्गको सडक, पुल र कल्भर्टहरू बगेको स्थानमा हाललाई सडक सञ्चालनका लागि अस्थायी संरचना निर्माण गरिएको हो,' योगेशले भने । उनका अनुसार धेरैजसो स्थानमा खोला फर्काएर तथा खोलाको बाटो सोझ्याएर बगरमा सडक बनाइएको छ भने केही ठाउँमा पुरानै अस्थायी सडक बनाइएको छ ।

पुनर्निर्माण सडक दुई लेनको हुने जनाइएको छ । भत्किएको ठाउँमा खोलाको बगरमै दुई लेनको पुल बनाउने वा भित्ता काटेर सडक बनाउने वा तलबाटै पर्खाल उठाएर सडक तयार गर्ने भन्ने तीन वटा अवधारणामा छलफल भइरहेको योगशले बताए । उनका अनुसार भत्किएका स्थानमा आवश्यकताअनुसार सयदेखि १५० मिटरसम्मका पुल ठाउँ-ठाउँमा बन्ने छन् ।

कार्यालयका अनुसार रोशी खोलाको बाढीले चौकीडाँडादेखि नेपालथोकसम्म २१ किलोमिटर सडकखण्डको १४ स्थानमा करिब १० किलोमिटर सडक क्षतिग्रस्त गराएको थियो । राजमार्गको कूल १६० किलोमिटरमध्ये तेस्रो खण्डअन्तर्गत सिन्धुलीको खुर्कोटदेखि नेपालथोकसम्म ३४ किलोमिटर र चौथो खण्ड नेपालथोकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्म ५० किलोमिटर गरी ८४ किलोमिटर सडकको विभिन्न स्थानमा बढी क्षति पुऱ्याएको कार्यालयले जनाएको छ ।

जाइकाद्वारा निर्मित उक्त राजमार्ग सडक निर्माण गर्दा प्रतिकिलोमिटर ३५ करोड रूपैयाँ लागत थियो । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्ड-खण्ड विभाजन गरी २०७२ असार १८ गते निर्माण सम्पन्न गरी औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । तत्कालीन अवस्थामा जापान सरकारको २६ बिलियन जापानी येन र नेपाल सरकारको १.१ बिलियन (जापानी येन) लागतमा उक्त राजमार्ग निर्माण भएको हो । *रासस*

# भक्तपुरमा तराईको झल्को दिने छठ पर्व सम्पन्न

**भक्तपुर-** शुक्रबारको झिसमिसे बिहानी भक्तपुर नगरपालिका-१० कमलविनायकस्थित कमलपोखरी बत्तीले झकिझकाउ थियो । ठूलो पोखरीको वरिपरि बत्तीले झिलिमिली र छेउमा पाल टाँगिएको स्थानमा व्रतालुको घुइँचो थियो। बाँकी तीन छेउ वरपर पाला अर्थात् दियो बालिएका थिए । कोही बलेका बत्तीसँग रमाउँदै फोटो खिच्न व्यस्त देखिन्थ्ये भने कोही निभेका बत्ती बाल्दै थिए ।

तराईको झल्को दिनेगरी दुलहीझैं सिँगारिएर झकिझकाउ बनाइएको कमलपोखरीमा छठ मनाउन तराईवासीसँगै भक्तपुरका स्थानीय पनि सहभागी थिए । तराई क्षेत्रमा मनाइने छठ पर्व भक्तपुरमा पनि हर्षोल्लासका साथ मनाइएको छ । भक्तपुरमा तराई मधेसका समुदायकासँगै मिलेर स्थानीयले संस्कृति र परम्पराअनुसार पूजाआराधनासहित छठ मनाएका हुन् । शुक्रबार बिहानै छठ मनाउन रातभर जाग्राम बसेका व्रतालुहरूले उदाउँदो सूर्यलाई अर्घ्य दिएर पूजा सम्पन्न गरी चार दिनको व्रतसहित छठ सम्पन्न गरेका छन् ।

भक्तपुरमा बस्दै आएका तराईवासीले कमलपोखरीमा छठ पर्व मनाएको यो पहिलो वर्ष भने होइन । सर्लाहीबाट भक्तपुरको कमलविनायकमा व्यवसाय गरेर बस्दै आएका छठ पर्व आयोजक समितिका संयोजक लक्ष्मण रौनियारले विगत १० वर्षदेखि यहाँ छठ मनाउन व्यवस्थापन गर्दै आइएको बताए ।

पर्वका लागि बिहीबार पोखरीलाई सजाएर झकिझकाउ बनाइएको थियो भने साँझ व्रतालुले अस्ताउँदो सूर्यको पूजाआराधना गरी अर्घ्य दिएर छठी देवीको पूजा गरेर पर्व मनाएका रौनियारले उल्लेख गरे । कमलविनायकमा चटपटे व्यवसाय गर्दै आएकी सुभद्रा साहले विगत तीन वर्षदेखि कमलपोखरीमा छठ पर्व मनाउँदै आएको जनाउँदै छठमा घर जान नपाउनेहरूका लागि यहाँको व्यवस्थापनले सजिलो बनाएको बताइन् ।

विशेष गरेर तराईवासीले हर्षोल्लासकासाथ मनाउने छठ पर्व शुक्रबार भक्तपुरमा सबै धर्मावलम्वीले सामूहिकरूपमा मिलेर मनाएको दृश्य देखिएको भन्दै उक्त दृश्यले मनलाई आनन्दित बनाएको स्थानीय कमल श्रेष्ठ बताए । समितिका संयोजक रौनियारले विभिन्न धर्म, समुदाय र जातका मानिस एकसाथ सहभागी भएर पर्व मनाएका बताए । विगतका वर्षमा १०० परिवार पनि नहुनेमा यस वर्ष १५० भन्दा बढी परिवारले यहाँ छठ मनाएका उनले जानकारी दिए ।

सूर्यको उपासनासँग सम्बन्धित छठ पर्व यस वर्ष शुक्रबारदेखि सुरु भएको थियो । चार दिनसम्म मनाइने पर्वको अन्तिम दिन शुक्रबार थियो । प्रत्येक वर्ष कार्तिक शुक्ल चतुदर्शीका दिनदेखि सुरु हुने छठ पर्व अत्यन्तै श्रद्धा र निष्ठाका साथ मनाइन्छ । तराईमा सीमित यो चाड पछिल्लो वर्ष तराईका साथै काठमाडौं उपत्यकामा पनि भव्य रूपमा मनाउन थालिएको छ ।

पर्वको मुख्य विशेषता अस्ताउँदो र उदाउँदो सूर्यलाई जलाशयमा उभिएर अर्घ्य दिएर मात्र पूजा सम्पन्न गर्नु हो । छठ मनाउन पोखरी पुगेकी शान्ता महतोले पुत्र, पति र परिवारको कल्याणको कामना गर्दै यो पर्व परिवारका सबै सदस्य तथा समूहमा मनाएको बताइन् ।

पर्वको क्रममा पहिलो दिन कार्तिक शुक्ल चतुदर्शीका दिन नहाय खाय (नुहाएर चोखो भई शुद्ध शाहाकारी भोजन खाने), दोस्रो कार्तिक पञ्चमीका दिन खरना पूजा गर्ने र यस दिन व्रतालुहरू स्नान गरेर दिनभरि उपवास बसी आत्मशुद्धि गर्ने, पञ्चमीका दिन व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाइ प्रसादको रूपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई खुवाउने गर्छन् । शुक्रबार अन्तिम दिन उदाउँदो सूर्यलाई अर्घ्य दिएर पर्व समापन गरिएको हो । *रासस*

प्रभाव दैनिक

रूपशाला

शनिबार, २४ कात्तिक २०८१ (Saturday, November 09, 2024)

### ऋषिको फिल्ममा भित्रिए माग्नेबुढा

अभिनेता केदार घिमिरे 'माग्नेबुढा' निर्देशक ऋषि लामिछानेको नयाँ फिल्ममा भित्रिएका छन् । फिल्म अभिनयका विषयमा बिहीबार केदार र निर्देशक लामिछानेबीच सम्झौता भएको हो । फिल्मको शीर्ष भूमिकामा केदार भित्रिएका हुन् । कथाको माग अनुसार फिल्मको लागि केदार लिएको निर्देशक लामिछानेले बताए । आगामी माघ दोस्रो साताबाट छायांकनको तयारी गरिएको फिल्मको नाम भने सार्वजनिक गरिएको छैन । नाम तय नभए पनि फिल्मको कलाकार भने धमाधम छनौट भइरहेको छ । सामीप्यराज तिमल्सिनाको स्क्रिप्ट लेखन रहेको यो फिल्मबाट निर्देशक लामिछानेले ८ वर्षपछि कमब्याक गर्न लागेका हुन् ।



# 'मिसिङः केटी हराएको सूचना'को प्रदर्शन मिति सऱ्यो

■ प्रभाव संवाददाता



**काठमाडौं–** यही कार्तिक ३० गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मिसिङः केटी हराएको सूचना'को प्रदर्शन तत्कालका लागि स्थगित भएको छ । फिल्म निर्माण कम्पनी ट्राई सिटीले शुक्रबार साँझ एक विज्ञप्ती जारी गर्दै अर्को नयाँ प्रदर्शन मिति सार्वजनिक नभएसम्म रिलिज स्थगित गरेको जनाएको छ ।

नाजिर हुसेन र सृष्टि श्रेष्ठको प्रमुख भूमिकामा अभिनय रहेको फिल्ममा दीपेन्द्र गौचनको निर्देशन छ । दीपेन्द्रले ३२ वर्षअघि डकु-ड्रामा 'उजेली' निर्देशन गरेका थिए । अर्को लोकप्रिय डकुड्रामा 'हाम्रो मुमिन' पनि दीपेन्द्रकै निर्देशकीय सिर्जना हो ।

ट्राई सिटी पिक्चर्स प्रस्तुतकर्ता रहेको फिल्म ट्राई सिटी पिक्चर्सकै ब्यानरमा निर्माण भएको हो । दीपेन्द्रकै निर्माण रहेको फिल्म 'मिसिङः केटी हराएको सूचना'मा उनकै स्क्रिप्ट लेखन छ ।

फिल्ममा नाजिर, सृष्टिसँगै सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रूपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल र ओमप्रकाश कर्णको अभिनय छ । फिल्ममा अमितेष शाह विशेष भूमिका छन् ।

नकिम उद्दिन कार्यकारी निर्माता रहेको फिल्ममा मनोहर दास मुल, अनिन राजभण्डारी, राजीव थापा, रोबिन थापा, राधेश पन्त, महेन्द्र शाक्य, ज्योतिमान शेरचन, चन्द्र भट्टचन, सञ्जय भट्टचन सह-कार्यकारी निर्माता, अमितेष शाह सहायक निर्माता, दीपेन्द्र गौचनको कथा र लेखन, अमित पोखरेल र अमितेष शाहको सहायक लेखन, अमित पोखरेलको स्क्रिप्ट सुपरभिजन छ ।

म्युजिक नेपाल डिजिटल पार्टनर रहेको फिल्मको वितरक एप्पल इन्टरटेनमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेनमेन्ट छन् ।

# 'तेल भिसा'को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** विपिन कार्की, वर्षा राउत, पूजा चन्द र ऋचा घिमिरे स्टारर फिल्म 'तेल भिसा'को ट्रेलर सार्वजनिक भएको छ । ३ मिनेट ३६ सेकेन्ड रनटाइमको ट्रेलरले सुत्केरी बुहारी स्याहार्न नेपालदेखि अमेरिका पुगेकी एक सासूको उल्झनको कथा भन्छ ।

फिल्ममा विपिन दोहोरो भूमिकामा छन् । एकातिर उनी नेपालमा रहेका पिताको रोलमा छन् भने अर्कोतिर अमेरिकामा रहेका छोराको भूमिकामा । आमा अर्थात् सासूको भूमिकामा पूजा चन्द देखिएकी छन् ।

बुहारी (वर्षा राउत) गर्भवती भएपछि उनलाई स्याहार्न सासू अमेरिका पुग्छिन् । तर त्यहाँ उनले अध्यागमनको झमेला व्यहोर्नुपर्छ । त्यसपछि सुरु हुन्छ कानूनी लडाइँ । अध्यागमन अदालतले उनलाई जेलमा पठाउँछ । अब उनी कसरी त्यहाँ छुट्लिन् ? यी कथाको सेरोफेरोमा फिल्मको ट्रेलर घुमेको छ । लामो समयदेखि अमेरिकामा बस्दै आएकी ऋचा घिमिरे फिल्ममा वकिलको भूमिकामा छिन् । उनका श्रीमान शंकर घिमिरेले निर्देशन गरेको यो फिल्मले अमेरिकास्थित नेपाली डायस्पोराको यथार्थ र मर्मस्पर्शी कथा भन्छ ।

फिल्ममा बुद्धि तामाङ, फ्रान्सिस शेरमन, ज्याक बेल, सुचित्रा उप्रेती र अनिल पाण्डेको समेत अभिनय छ । अमेरिकाको मेरिल्याड र नेपालका विभिन्न भूभागमा फिल्म खिचिएको छ । वेलडन क्रिएसनले फिल्म निर्माण गरेको हो । अनिल पाण्डे र शिवराज कार्की निर्माताको रूपमा छन् ।

# 'नेसनल किड्स अफ द इयर'का विजेता उडे थाइल्यान्ड



■ प्रभाव संवाददाता

**काठमाडौं–** 'नेसनल किड्स अफ द इयर २०२४'का विजेता नभ्नी उलक, निशान उलक, केरिङ दोङ र प्रणय मानन्धर थाईल्याण्ड उडेका छन् । बैंककमा यही आउँदो नोभेम्बर ९ देखि १८ सम्म आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'हेरिटेज प्याजेन्टस् २०२४' मा हेरिटेज जेम्स विधामा नेपालको प्रतिनिधित्व गर्न उनीहरू शुक्रबार बिहान थाइल्याण्ड उडेका हुन् ।

'नेसनल किड्स अफ द इयर २०२४' इभेन्ट बेटर ग्यालेक्सीकै आयोजनामा केही अगाडि सम्पन्न भएको थियो । इभेन्ट बेटर ग्यालेक्सीकैमा प्रमुख धीरज तण्डुकार हेरिटेज जेम्स विधाका लागि नेसनल डाइरेक्टरका रूपमा समेत रहेका छन् ।

थाइल्याण्ड उड्नु अगाडि बालबालिकाले रक्षा मन्त्री मानवीर राईलाई भेटेका थिए । भेटमा राइले बालबालिकाहरूलाई जितको शुभकामना व्यक्त गर्दै आ-आफ्नो प्रस्तुतिबाट नेपाल र नेपालीको शान र गौरवलाई अझ उच्च बनाउन हौसला प्रदान गरेका थिए । मन्त्री राईसँगको भेटघाटमा हेरिटेज प्याजेन्टस् २०२४ अन्तर्गत सोही प्रतियोगिताका शो निर्देशक एवं अन्तर्राष्ट्रिय फेसन कोरियोग्राफर रोजिन शाक्य, नृत्य निर्देशक लिजा श्रेष्ठ

इभेन्ट बेटर ग्यालेक्सीकै धीरज तण्डुकारको नेतृत्वमा थाइल्याण्ड उडेका हुन् । सहभागि बालबालिका मध्ये क्यारिङ दोङ नेसनल किड्स अफ द इयरका सिनियर तर्फका विजेता हुन् । निशान उलक फस्ट रनर अप हुन् भने प्रणय मानन्धर जुनियर तर्फका विजेता हुन् । नभ्नी भने सिनियरतर्फका मोस्ट डिसिप्लीन उपाधि विजेता हुन् ।

हेरिटेज प्याजेन्टस् २०२४ मा सहभागि हुने नेपाली बालबालिकाहरूको विभिन्न प्रस्तुतिका ड्रेसहरू भने कुसम क्रिएसन, मेराकी बुटिक, ला बेला क्रिएसन, मध्यपुर ड्रेस हायर सेन्टरले तयार पारेका छन् ।

ट्यालेन्ट राउन्डको लागि तयारी निर्देशक लिजा श्रेष्ठले गराएकी हुन् भने प्रतियोगिताको लागि समग्र प्रस्तुतिका लागि फेसन कोरियोग्राफर रोजिन शाक्यले प्रशिक्षण दिएका थिए । सहभागिहरूको फोटो तथा भिडियो सेसन मोमेन्टो स्टुडियोले सम्हालेको थियो ।



# कुस्ती मधेसको पहिचान र अस्मिताको प्रतीक : मन्त्री यादव

■ प्रभाव संवाददाता



**काठमाडौं–** खानेपानी मन्त्री प्रदीप यादवले कुस्ती मधेसको संस्कृति, परम्परा र इतिहाससँग जोडिएको खेल भएको बताएका छन् ।

शुक्रबार वीरगञ्जमा आयोजित विराट कुस्ती प्रतियोगिताको उद्घाटन गर्दै खानेपानी मन्त्री यादवले कुस्ती मधेसको संस्कृति, परम्परा र इतिहाससँग जोडिएको र साहस, अनुशासन तथा शक्ति प्रदर्शनको पराकाष्ठा प्रस्तुत गर्ने अद्भुत मञ्च भएको बताए ।

'कुस्ती खेल केवल मनोरञ्जनको माध्यम मात्र नभएर, हाम्रो पहिचान र अस्मितासँग जोडिएको छ,' मन्त्री यादवले भने ।

पर्सा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य समेत रहेका मन्त्री यादवले कुस्तीको संरक्षण र प्रवर्द्धन आवश्यक रहेको बताए ।

'कुस्ती हाम्रो समाजको पुरानो परम्परा हो, जसलाई जगेर्ना गरेर आधुनिक पुस्तामा हस्तान्तरण गर्न आवश्यक छ,' उनले भने, 'यस्ता प्रतियोगिताहरूले युवा पुस्तामा कुस्ती खेलप्रतिको आकर्षण बढाउन, उनीहरूको शारीरिक तन्दुरुस्ती सुधार्न र खेलकुदमा भविष्य खोज्न सहयोग पुऱ्याउँछ ।'

उनले यस्ता प्रतियोगिताहरूले समुदायमा खेलकुदको महत्त्वलाई पुनः स्थापित गर्नुका साथै समाजलाई एकताबद्ध गर्न सहयोग पुऱ्याउँछ ।

मन्त्री यादवले विराट कुस्ती जस्ता प्रतियोगिताहरू मधेसको सांस्कृतिक धरोहरको पुनरुत्थानमा महत्वपूर्ण रहेको बताए ।

वीरगञ्ज महानगरपालिका र इनरवा महावीर संरक्षक समाजको सहकार्यमा वीरगञ्ज महानगरपालिका-१६ नगवास्थित महावीर मन्दिरमा आयोजित प्रतियोगितामा पर्सा, बारा, रौतहटलगायतका भारतका विभिन्न स्थानबाट आएका खेलाडीहरूले सहभागिता रहेको थियो ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले कुस्ती प्रतियोगिताजस्तो खेल आयोजनाले महानगरको खेलकुद क्षेत्रमा ठूलो योगदान पुऱ्याएको बताए ।

उनले स्थानीय खेलकुदको संरक्षण र विकासका लागि महानगरपालिकाले सधैँ तत्परता देखाउने बताए ।

# शारीरिक सुगठनमा नेपाललाई तीन रजत

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले १५औं वर्ल्ड बडिबिल्डिङ एन्ड फिजिक स्पोर्टस च्याम्पियन्सीप २०२४ मा तीन रजत पदक हासिल गरेको छ ।

रुजेश शाही, प्रज्वलमान शाक्य र रजनी श्रेष्ठले शुक्रबार नेपाललाई पदक दिलाए ।

विश्व बडिबिल्डङ एन्ड फिजिक स्पोर्टस फेडरेसन्ससँगको सहकार्यमा बडिबिल्डिङ एसोसिएसन अफ माल्दिभ्सद्वारा आयोजित मालेमा भएको प्रतियोगितामा रुजेशले ६० केजी, प्रज्वलले ४० वर्षमाथि र रजनीले ५५ केजीमाथि रजत पदक हात पारे ।

प्रतियोगितामा नेपालका ६ खेलाडीले सहभागिता जनाएका छन् । ललित धिमाल, रजित आचार्य र सनम मुलगुठीले शनिबार प्रतिस्पर्धा गर्नेछन् ।

# अस्ट्रेलियाविरुद्ध पाकिस्तान विजयी

■ प्रभाव संवाददाता



**काठमाडौं–** सईम अयुब र अब्दुल्लाह शफीकको शतकीय साझेदारीसँगै पाकिस्तानले तीन एकदिवसीय शृंखलाको दोस्रो खेलमा अस्ट्रेलियालाई पराजित गरेको छ । शुक्रबार भएको खेलमा पाकिस्तानले घरेलु टोलीमाथि ९ विकेटको जित हात पारेको हो ।


योसँगै तीन खेलको शृंखला १-१ को बराबरीमा पुगेको छ । पहिलो खेलमा अस्ट्रेलिया दुई विकेटले विजयी भएको थियो । अस्ट्रेलियाले दिएको १६४ रनको लक्ष्य पछ्याएको पाकिस्तानले २६.३ ओभरमा एक विकेट गुमाउँदै १६९ रन बनाएको हो । पाकिस्तानका ओपनर अयुबले सर्वाधिक ८२ रन बनाए । ७१ बल खेलेका उनले पाँच चौका र ६ छक्का प्रहार गरे । अर्का ओपनर शफीकले अविजित रहँदै ६४ रन बनाए ।

उनले चार चौका र तीन छक्का प्रहार गरे । उनीहरूबीच पहिलो विकेटका लागि १३७ रनको साझेदारी भएको थियो । बाबर आजम १५ रनमा अविजित रहे । अस्ट्रेलियाका ऐडम जम्पाले एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको अस्ट्रेलियाले ३५ ओभरमा सबै विकेट गुमाउँदै १६३ रन बनायो ।

अस्ट्रेलियाका स्टिभ स्मिथले सर्वाधिक ३५ रन बनाए । ४८ बल खेलेका उनले पाँच चौका र एक छक्का प्रहार गरे । अन्य ब्याटरको भने राम्रो प्रदर्शन हुन सकेन ।

पाकिस्तानका हारिस रउफले सर्वाधिक पाँच विकेट लिए । शाहीन साह अफरीदीले तीन विकेट लिँदा नसीम साह र मोहम्मद हुसनैनको नाममा समान एक विकेट रह्यो ।

# एकदिवसीय क्रिकेटबाट सन्यास लिँदै नावी



**काठमाडौं (प्रस)–** अफगानिस्तानका सफल अलराउन्डर मोहम्मद नाबीले एकदिवसीय क्रिकेटबाट सन्यास लिने चएका छन् । आगामी फेब्रुअरीमा हुने च्याम्पियन्स ट्रफी क्रिकेटपछि उनले सन्यास लिने निर्णय लिएको नाबीलाई उद्धृत गदै अफगानिस्तान क्रिकेट बोर्डका प्रमुख नसीब खानले बताएका हुन् ।

३९ वषीय नाबीले अफगानिस्तान क्रिकेटको सफलतामा सबैभन्दा महत्वपूर्ण योगदान दिएका छन् । सन् २००९ मा अफगानिस्तानका लागि एकदिवसीय क्रिकेटमा डेब्यु गरेका नाबीले १६५ खेलमा ३५०० भन्दा धेरै रन बनाएका छन् भने १७१ विकेट पनि लिएका छन् ।

विशेषगरी अफगानिस्तानको एकदिवसीय मान्यता देखि पहिलो विश्वकप सहभागिता अनि त्यसयता देखि लगातार रूपमा विश्वकपमा स्थान बनाउने यात्रामा उनले कप्तानीको भूमिकामा रहेर टोलीलाई सफल बनाएका छन् । उनी अफगानितानको हरेक विश्वकप सहभागितमा टोलीमा समावेश रहँदै आएका छन् भने कप्तानीको भूमिकामा उपाधिहरू पनि दिलाएका छन् ।

उनी अफगानिस्तानका लागि १०० एकदिवसीय खेल्ने हालसम्म एकमात्र खेलाडी हुन् भने एकदिवसीय क्रिकेटमा १०० विकेट लिने पहिलो अफगानी बलर समेत हुन् ।



फिलिपिन्सको कागायान प्रान्तमा आएको आँधीपछि डुबानमा परेका बुगुई सहरका घर तथा खेत। *तस्बिरः एएफपी*

# चीनले रुग्ण उद्योगका लागि थप सहयोग स्वीकृत गर्ने



**बेइजिङ–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग व्यापार तनाव बढ्न सक्ने सम्भावनालाई ध्यानमा राखेर अधिकारीहरूले महत्त्वपूर्ण बैठक टुंग्याउँदा चीनले आर्थिकरूपमा रूग्ण उद्योग, वित्तीय संस्था तथा फर्मका लागि ठूलो समर्थन प्याकेज सार्वजनिक गर्ने अपेक्षा गरिएको छ।

अर्थशास्त्रीहरूले बेइजिङले सयौं अर्ब डलरको सहयोग स्वीकृत गर्ने अनुमान गरेका छन्, जसमा ऋणग्रस्त स्थानीय सरकारका साथै बैंकहरूका लागि नगदमा ध्यान केन्द्रित गरिएको छ। यसै साता बेइजिङमा चिनियाँ कानुन बनाउने सर्वोच्च निकायको बैठकका लागि भेला भएका नीति निर्माताहरूले अमेरिकी मतदानमाथि नजर राखेका थिए।

ट्रम्पले आफ्नो चुनावी अभियानका क्रममा चिनियाँ सामानमा कर वृद्धि गर्ने वाचा गरेको र राष्ट्रपतीय निर्वाचनमा उनको विजय भएको सन्दर्भमा विश्वको दोस्रो ठूलो अर्थतन्त्र भनिने चीन अमेरिकासँगको कारोबारमा थप संकट आउनसक्ने आँकलनहरू गरिएका छन्। चीनमा लामो समयदेखि घरजग्गा तथा आवासीय कारोबारमा संकट देखिनुका साथै र दैनिक उपभोगसम्बन्धी सामानको कारोबारमा सुस्तता आएको छ।

पर्यवेक्षकहरूका अनुसार बेइजिङले अर्थव्यवस्थाका लागि लामो समयदेखि प्रतीक्षा गरिएको 'बाजुका स्टिमुलस' को साथ यो संकटलाई कम गर्न प्रयास गर्न सक्छ। यद्यपि, सावधानीको विवरण आउन अझै समय लाग्न सक्छ। आइएनजिमा ग्रेटर चाइनाका प्रमुख अर्थशास्त्री लिन सोङले भने, 'नीति निर्माताहरूलाई ट्रम्पको सम्भावित जितलाई सम्बोधन गर्ने मौका दिनका लागि अक्टोबरको अन्त्यमा तय गरिएको बैठक पछि सारिएको थियो।'

'हाम्रो विचारमा ट्रम्पको जितसँगै नीतिगत समर्थन प्याकेजको सम्भावना केही हदसम्म बढ्ने छ,' उनले भने। युनाइटेड ओभरसिज बैंक (युओबी) का हियान वेल्थ म्यानेजमेन्टका प्रमुख सूचना अधिकारी क्वी वाङले भने, 'ट्रम्पको जित चीनका लागि नराम्रो होइन किनभने यसले बेइजिङलाई ठूलो प्रोत्साहनका लागि 'दबाब' दिन सक्छ।'

सरकारी सञ्चारमाध्यमले यसै हप्ता अधिकारीहरूले स्थानीय सरकारको ऋणको सीमा बढाउने विधेयकको पुनरवलोकन गरेको जनाएका थिए। गत महिना घोषणा गरिएको यो कदमले अधिकारीहरूलाई विकासका लागि घरजग्गा बजारलाई लामो समयको मन्दीबाट बाहिर निकाल्ने उद्देश्यले अप्रयुक्त भूमिको अधिग्रहणका लागि थप उधारो लिन अनुमति दिने छ।

बेइजिङले सेप्टेम्बरमा आर्थिक गतिविधिलाई बढावा दिने उद्देश्यले ब्याजदर कटौती र केही घर खरिद प्रतिबन्धहरूलाई खुकुलो पार्न धेरै उपायहरूको थालनी गरेको जनाएको थियो तर विश्लेषकहरूले अहिलेसम्म विस्तृत विवरणको अभावमा भएको बताएका छन्।

'ट्रम्पको पुनः निर्वाचनले अझ बढी तात्कालिकताको आवश्यकता प्रदान गर्दछ,' विशेषज्ञहरू भन्छन्, 'यद्यपि अधिकारीहरूले थप सरकारी ऋणको थुप्रोबाट बच्ने प्रयास गर्दा अझै सावधानी कायम हुनसक्छ।' नाटिक्सिसका वरिष्ठ अर्थशास्त्री ग्यारी एनजीले भने, 'कुनै पनि सम्भावित प्रोत्साहन रकमको आकार ठूलो हुनसक्छ, तर दबाब पनि त्यस्तै छ। बजारले चाहेको आर्थिक वृद्धि अझै पनि प्राप्त गर्न सक्दैन।'

चीनका प्रधानमन्त्री ली कियाङले चीनले सन् २०२४ का लागि पाँच प्रतिशतको हाराहारीमा आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नेमा आफू 'पूर्ण विश्वस्त' रहेको बताएका छन्। बिहीबार सार्वजनिक सरकारी तथ्यांकले देशको निर्यात गत महिना दुई वर्षभन्दा बढीको सबैभन्दा तीव्र गतिमा बढेको देखाएको छ।

यद्यपि, 'पिनपोइन्ट एसेट म्यानेजमेन्ट'का अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेई झाङले भने, 'हामी चीनको अर्थतन्त्रलाई थेग्न निर्यातमा मात्रै निर्भर गर्न सक्दैनौं। आर्थिक वृद्धिको आधारस्तम्भको रूपमा वित्तीय नीति अर्को वर्ष अझ सक्रिय हुने छ भन्ने मेरो विश्वास छ।' *रासस/एएफपी*

# युरोपले रक्षा खर्च बढायो, सैनिकको अभाव : अध्ययन

**प्राग–** रूसले युक्रेनमाथि आक्रमण गरेपछि युरोपले रक्षा खर्च बढाएको छ तर सैन्य जनशक्तिलगायत उसको प्रतिरक्षा क्षमता अझै अपुग रहेको बेलायती सुरक्षा थिंकट्यांकले शुक्रबार बताएको छ।

डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्केपछि उनले युरोपेली सुरक्षा नीतिमा अमेरिकी अडानलाई परिवर्तन गर्न सक्ने र युद्धग्रस्त युक्रेनलाई सहयोग गर्न नसक्ने आशंका बढेको बेला इन्टरनेसनल इन्स्टिच्युट फर सेक्युरिटी स्टडिज (आइआइएसएस) ले यस्तो निष्कर्ष निकालेको हो।

आइआइएसएसले प्राग सुरक्षा सम्मेलनको आयोजना गर्दै गर्दा आफ्नो पछिल्लो रिपोर्ट प्रकाशित गरेको छ, जसमा राजनीतिज्ञहरू, सेनाका अधिकारीहरू र अन्य विशेषज्ञहरूलाई युरोपको रक्षा मुद्रा बढाउने उपायहरूबारे छलफल गर्न भेला गरिएको छ।

सन् २०२२ को फेब्रुअरीमा रूसले युक्रेनमाथि गरेको आक्रमणले युरोपको आफ्नो प्रतिरक्षा गर्ने क्षमतामा थुप्रै कमजोरी उजागर गरेको आइआइएसएसको अध्ययनले देखाएको छ। 'सन् २०२४ मा नेटोका युरोपेली सदस्यराष्ट्रहरूको रक्षा खर्च रूसले क्रिमियालाई आफ्नो नियन्त्रणमा लिएको सन् २०१४ को तुलनामा करिब ५० प्रतिशत बढी हो,' रिपोर्टमा भनिएको छ, 'युरोपेली सशस्त्र बलहरू 'सबै सैन्य गतिविधिहरूमा फरक-फरक अवस्थामा संयुक्त राज्य अमेरिकामाथि निर्भर छन्।'

अध्ययनमा भनिएको छ, 'शीतयुद्धको अन्त्यपछि र त्यसपछिका दशकहरूमा राजनीतिक निर्णयहरूको परिणामस्वरूप युरोपको शस्त्रागार गम्भीररूपमा ह्रास भएको थियो। यस क्रममा युरोपमा रक्षा उद्योग पनि संकुचित भएको थियो।'

सन् २०२२ देखि युक्रेनको आवश्यकतालाई सम्बोधन गर्दै हतियार निर्माता कम्पनीहरूले प्रतिक्रिया जनाएपछि हवाई प्रतिरक्षा र तोपखानालगायत केही क्षेत्रमा उत्पादनमा उल्लेख्य वृद्धि भएको छ। 'उदाहरणका लागि, रेनमेटलको विश्वव्यापी वार्षिक १५५ एमएम गोलाबारुद उत्पादन दर दश गुणा बढेर सात लाख पुगेको छ,' जर्मनीको विशाल हतियार उत्पादक कम्पनीलाई संकेत गर्दै अध्ययनमा भनिएको छ।

हालैका वर्षहरूमा, युरोपेली देशहरूले पनि स्थानीय उत्पादकहरूबाट अधिक हतियारहरू खरिद गरिरहेका छन् किनकि महाद्वीपका नेटो सदस्यहरूले फेब्रुअरी २०२२ देखि युरोपेली प्रणालीमा उनीहरूको आधाभन्दा बढी खर्च गरेका छन्, जबकि ३४ प्रतिशत अमेरिकी प्रणालीमा खर्च गरिएको छ। हतियार र गोलाबारुदको उत्पादन बढिरहेको बेला युरोपेली मुलुकहरूले सैन्यकर्मीको अभाव झेलिरहेका आइआइएसएसले जनाएको छ।

आइआइएसएसले भनेको छ, 'प्रमुख युरोपेली सशस्त्र बलहरू कमजोर छन्। धेरैले सेनाको अभाव गरिरहेका छन्। उनीहरूले युवा पुस्तालाई स्वयंसेवकका लागि पर्याप्त प्रोत्साहन पनि दिइरहेका छैनन्।' *रासस/एएफपी*

# ह्वाइट हाउसको 'चिफ अफ स्टाफ' मा विल्सको चयनसँगै ट्रम्पको पहिलो नियुक्ति



**वासिङ्टन–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले राष्ट्रपतिमा निर्णायक विजय हासिल गरेपछि बिहीबार मन्त्रिमण्डलका पहिलो सदस्यको नियुक्तिको घोषणा गरेका छन्। उनले रूसी नेता भ्लादिमिर पुटिनसँग कुरा गरेर निवर्तमान प्रशासनको नीतिलाई तोड्ने आफ्नो मनशाय रहेको संकेत गरेका छन्।

अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पले आफ्नो चुनावी अभियानका व्यवस्थापक सुसी विल्सलाई ह्वाइट हाउसको 'चिफ अफ स्टाफ'को रूपमा काम गर्नेगरी जिम्मेवारी तोकेका छन्। ट्रम्पले पहिलो नियुक्तिमा उच्च ओहोदाको जिम्मेवारीमा महिला सहयोगी छान्दै आफूलाई महिलामैत्री प्रमाणित गर्न खोजेका छन्। डेमोक्र्याटिक नेता तथा अमेरिकी वर्तमान उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गर्ने ट्रम्पको विजयले चुनावको दुई दिनमा नै र ह्वाइट हाउस फर्कनुभन्दा साढे दुई महिनाअघि नै अमेरिकी र विश्व राजनीतिमा तरंग पैदा गरेको छ।

रूसी राष्ट्रपति पुटिनले गत जुलाईमा एक ¥यालीमा हत्याको प्रयासपछि ट्रम्पले आफूलाई सम्हाल्ने तरिकाका लागि 'साहसी' भएको भन्दै प्रशंसा गरेका थिए। अर्बपति ट्रम्पले पछि एनबिसी न्युजसँग भनेका थिए, 'मैले मलाई वर्षौंदेखि बारम्बार प्रशंसा गर्दै आएका पुटिनसँग अहिलेसम्म कुरा गरेको छैन। मलाई लाग्छ हामी कुरा गर्नेछौं।'

सन् २०२२ मा रूसले युक्रेनमाथि आक्रमण गरेयता बाइडेन र पुटिनबीच कायम रहेको चिसो सम्बन्धबाट यो भूकम्पीय परिवर्तन हो र ट्रम्पले बिएभलाई अमेरिकी समर्थनको आलोचना गरेका छन्। ट्रम्पले यसअघि उक्त द्वन्द्वमा शान्ति सम्झौता गर्ने बताएका थिए तर युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बुधबार ट्रम्पसँग कुरा गर्दै युद्धविरामको आह्वान 'खतरनाक' भएको बताएका थिए।

चिनियाँ राष्ट्रपति सी चिनफिङ यसअघि ट्रम्पलाई बधाई दिने विदेशी नेताहरूको सूचीमा सामेल भइसकेका छन्। कमला ह्यारिसले चुनावी अभियानका क्रममा तानाशाहसँग धेरै मित्रवत् व्यवहार गरेको भन्दै आलोचना गरेकी थिइन्। ट्रम्पले कागजातविहीन आप्रवासीलाई सामूहिकरूपमा देश निकाला गर्ने आफ्नो योजनालाई दोब्बर बनाउँदै यसको 'कुनै विकल्प नभएको' र 'कुनै मूल्य ट्याग' हुन नसक्ने एनबिसीसँग बताएका छन्।

ट्रम्पले फ्लोरिडास्थित आफ्नो रिसोर्टमा आफ्नो ट्रान्जिसन टिममा काम गर्न थालेपछि बाइडेनले शान्तिपूर्ण र 'व्यवस्थित' तरिकाले सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएका थिए। सन् २०२० को चुनावमा ट्रम्पले आफ्नो पराजय स्वीकार्न इन्कार गरेको भए पनि यसको विपरीत ८१ वर्षीय अमेरिकी राष्ट्रपति बाइडेनले अमेरिकीहरूलाई 'तापक्रम घटाउन' आग्रह गरेका थिए।

डेमोक्र्याट नेताले ट्रम्पलाई ह्वाइट हाउसमा वार्ताका लागि निमन्त्रणा गरेको छ। तर, बाइडेनका प्रवक्ताले भने ट्रम्पको टोलीले कानुनी संक्रमण प्रक्रिया सुरु गर्न अनुमति दिने महत्त्वपूर्ण दस्तावेजमा हस्ताक्षर नगरेको बताएका छन्। ह्वाइट हाउसको रोज गार्डेनबाट सम्बोधन गर्दै बाइडेनले डेमोक्र्याटहरूलाई आशा नगुमाउन आग्रह गरे। एकताका लागि आह्वान गर्दै उनले भने, 'नबिर्सनुहोस्, हारको अर्थ हामी पराजित हुनु होइन।'

यद्यपि, बाइडेनले आफ्नो उमेरको बावजुद दोस्रो कार्यकालका लागि चुनाव लड्ने प्रारम्भिक निर्णय, जुलाईमा अन्तिम समयमा पद छोड्नुअघि र उपराष्ट्रपति ह्यारिसलाई बागडोर सुम्पिनुभन्दा पहिले नै पार्टीमा औंला उठिसकेको छ। ह्वाइट हाउसले बाइडेनलाई कुनै पछुतो नभएको बताएको छ। प्रेस सचिव करिन जीन पियरेले भने, 'उनले त्यो समयमा यो सही निर्णय हो भन्ने विश्वास गरेको थियो।'


धाँधली, दुई महाभियोग र ७८ वर्षको उमेरमा सबैभन्दा बढी उमेरका निर्वाचित राष्ट्रपति भएको तथ्यका बाबजुद ट्रम्पको निर्वाचनले बाइडेनको कार्यकालबाट परिवर्तनका लागि मतदाताहरूको चाहनालाई प्रतिविम्बित गर्दछ। अर्थतन्त्र र आप्रवासी समस्यालाई लिएर व्यक्त भएका मतदाताको चिन्ताले ट्रम्पको जितलाई प्रेरित गरेको छ।

ट्रम्पको पहिलो क्याबिनेट चयन वाइल्सलाई उनको टोलीमा व्यापक समर्थन प्राप्त छ र बुधबार बिहान उनको विजय भाषणको क्रममा विशेषगरी स्टेजमा बोलाइएको थियो। ट्रम्पले फ्लोरिडाका ६७ वर्षीय स्टिलीवासी सुसीबारे भने, 'सुसी कडा, स्मार्ट, नयाँ हुनुहुन्छ, विश्वव्यापी रूपमा उहाँलाई प्रशंसा र सम्मान छ। सुसीले अमेरिकालाई फेरि महान बनाउन अथक प्रयास जारी राख्नुहुने छ।'

ट्रम्प २.० प्रशासनमा स्थानका लागि अन्य अग्रगामीहरूले यसले लिने विघटनकारी आकारलाई प्रतिविम्बित गर्दछ। ट्रम्पले स्वास्थ्य सेवामा 'ठूलो भूमिका' निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेको छ र खोपविरोधी आन्दोलनका एक प्रमुख व्यक्ति रोबर्ट एफ केनेडी जुनियरले बुधबार एनबिसी न्युजसँग भने, 'म कसैको खोप लगाउने अधिकार खोस्ने छैन।'

पूर्वस्वतन्त्र उम्मेदवारले ट्रम्प प्रशासनले सार्वजनिक पानीको आपूर्तिमा फ्लोराइडको मात्रा नियन्त्रणका लागि सिफारिस गर्ने दोहोऱ्याए। दक्षिणपन्थी स्पेसएक्स, टेस्ला र एक्सका प्रमुखले उत्साहपूर्वक ट्रम्पलाई समर्थन गरेपछि विश्वका सबैभन्दा धनी व्यक्ति एलन मस्क पनि सरकारी फोहोरको लेखापरीक्षण गर्ने काममा सहमत हुनसक्ने बताइएको छ। ट्रम्पले बाइडेनद्वारा हस्ताक्षरित धेरै नीतिहरूलाई उल्टाउने अपेक्षा गरिएको छ। *रासस/एएफपी*

# युक्रेनी अपार्टमेन्टमा भएको रूसी आक्रमणमा परी २५ जना घाइते



**युक्रेन, किएभ–** युक्रेनी सहर खार्किभको एउटा अपार्टमेन्टमा भएको रूसी क्षेप्यास्त्र प्रहारबाट कम्तीमा २५ जना घाइते भएका छन्। मेयर टेरेखोभले टेलिग्राममा जनाए अनुसार १२ तले आवासीय भवनमा भएको रूसी आक्रमणले पहिलो र तेस्रो तलालाई आंशिकरूपमा क्षतिग्रस्त बनाएको र यसबाट कम्तीमा २५ जना घाइते भएका खार्किभका मेयर इगोर टेरेखोभले शुक्रबार बताएका छन्।

आक्रमणमा फसेकाहरूको उद्धार कार्य जारी रहेको तथा घाइतेको संख्या अझै बढ्नसक्ने जनाउँदै हालसम्म २५ जना घाइतेको पुष्टि भएको जनाएका छन्। युक्रेनी राष्ट्रपतिको चिफ अफ स्टाफ एन्ड्री यरमाकले रूसले जानाजानी अपार्टमेन्टमा प्रहार गरेको आरोप लगाउँदै रूसीहरूले साना तथा ठूला मिसाइलले किएभमा आक्रमण गरिरहेको जनाएका छन्।

किएभको सैन्य कार्यालयले राजधानीमा क्षेप्यास्त्र आक्रमणलाई विफल पार्न मिसाइल प्रतिरोधी प्रणालीको प्रयोग भइरहेको जनाएको छ। यस क्षेत्रका गभर्नर ओलेग किपरले ड्रोनले देशको दक्षिणमा रहेको ओडेसा र यसको उपनगरहरूमा पनि प्रहार भएको र आक्रमणबाट कम्तीमा दुई जना घाइते भएको बताएका छन्।

युक्रेनी अधिकारीहरूका अनुसार बिहीबार किएभलाई लक्षित गरी गरिएको अर्को रूसी ड्रोन आक्रमणले दुई जना घाइते हुनुका साथै भवनहरू क्षतिग्रस्त भएका थिए भने धेरै जिल्लाहरूमा आगो लागेको थियो। रूसले सन् २०२४ फेब्रुअरीदेखि नै ड्रोन र मिसाइलले युक्रेनको राजधानीलाई लक्षित गरी आक्रमण गरेको छ। पछिल्लो समयमा युक्रेनी अधिकारीहरूले रूसी हवाई आक्रमणहरू रोक्नका लागि आफ्ना सहयोगीहरूबाट हवाई रक्षा प्रणालीलगायतका सहयोगको अपेक्षा गरिरहेका छन्। *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६६५०० | प्रति तोला - ० | प्रति तोला - १९८० |

## 'नेपालको पूर्वाधार विकासमा सहयोग गर्छौं'



■ प्रभाव संवाददाता

**पर्वत–** नेपालका लागि चिनियाँ राजदूत छन सोङले नेपालको विकास र समृद्धिका लागि आवश्यक सहयोग गर्न चीन सरकार तयार रहेको बताएका छन् ।

पर्वतको फलेवास नगरपालिकास्थित भवानी विद्यापीठ माध्यमिक विद्यालयमा शुक्रबार आयोजित कार्यक्रममा राजदूत सोङले नेपाल र चीनबीचको सम्बन्ध निरन्तर सुमधुर रहेको बताए । मित्रराष्ट्रको विकास र समृद्धिका लागि सहयोग गर्न चीन सरकार सहयोग गर्न तयार रहेको उनको भनाइ छ ।

हिमाल र नदीले जोडिएका नेपाल र चीनबीचको कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै आफ्नो मूल हितका विषयमा एक अर्कालाई निरन्तर सहयोग गर्दै आएको बताउँदै सोङले नेपालको सडक, विद्युत्, शिक्षा क्षेत्रको सुधारमा सहकार्य गरिने बताए । उनले नेपाल एक स्वतन्त्र र विकासशील राष्ट्र बनोस् भन्ने चीनको इच्छा रहेको बताए ।

राजदूत सोङले कोरला नाका सञ्चालनका लागि चीन सरकार तयार रहेको बताए । कोरला नाकामा नेपालतर्फ पनि पूर्वाधार निर्माणमा चीन सरकारले सहयोग गर्दै आएको बताउँदै उनले नाका सञ्चालनपछि दुई देशको सम्बन्ध अझै बढ्दै जाने पनि बताए । पर्यटकीयस्थल पोखरामा पटक-पटक आएको भए पनि नजिकै रहेका सुन्दर ठाउँमा पनि आउन पाउँदा खुसी लागेको उनको भनाइ थियो ।

जिल्लाकै नमूना विद्यालयको रूपमा रहेको भवानी विद्यापीठ माध्यमिक विद्यालयको भौतिक पूर्वाधार विकासका लागि पनि चीन सरकारले सहयोग गर्ने भएको छ । विद्यालयले भौतिक पूर्वाधार निर्माणका लागि रु ५० लाखको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी नेपाल सरकारमार्फत दूतावासमा पेस गरेको छ ।

सोही सहयोगका लागि विद्यालयको शैक्षिक, भौतिक, व्यवस्थापकीय पक्षका बारेमा अध्ययन अवलोकन गर्नका लागि राजदूत सोङ आएको प्रधानाध्यापक अर्जुन रेग्मीले जानकारी दिए ।

# सबस्टेसन बनेपछि लमजुङ र मनाङमा विद्युत् आपूर्ति सहज हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** धारापानी र खुदी सबस्टेसन निर्माणपछि लमजुङ र मनाङमा विद्युत् आपूर्ति सहज हुने मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना कार्यालयले जनाएको छ । आयोजनाअन्तर्गत मनाङको नासोँ गाउँपालिका-१ धारापानीमा २२० केभी क्षमताको सबस्टेसन निर्माणाधीन छ भने लमजुङको मर्स्याङ्दी गाउँपालिका-३ खुदीमा निर्माणाधीन २२० केभी क्षमताको सबस्टेसन अन्तिम चरणमा पुगेको हो ।

दुवै स्थानका सबस्टेसन निर्माण निर्धारित समयमा सम्पन्न भएमा लमजुङ र मनाङको विद्युत् आपूर्ति सहज हुनुका साथै भरपर्दो र गुणस्तरीय सेवा प्रवाह हुने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

धरापानी सबस्टेसन डेढ वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको छ । खुदी सबस्टेसन आगामी तीन महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी अन्तिम चरणको काम भइरहेको विद्युत् प्राधिकरणले जनाएको छ । धारापानी सबस्टेसन रहने ठाउँको जमिन सम्याउने तथा पावर ट्रान्सफर्मर राखिने स्थान, नियन्त्रण कक्षलगायत सिभिल संरचनाको निर्माण तीव्र गतिमा भइरहेको छ ।

धारापानी र खुदी सबस्टेसनमा क्रमशः एक सय ३० एमभिए र एक सय ६० एमभिए क्षमताका पावर ट्रान्सफर्मर रहने छन् । दुवै सबस्टेसनमा स्थानीय रूपमा विद्युत् आपूर्तिका आवश्यक व्यवस्था गरिएको छ । निर्माण सम्पन्न भई सबस्टेसनबाट स्थानीय रूपमा विद्युत् आपूर्ति सुरु भएपछि लमजुङ र मनाङको विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुने जनाइएको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले स्थलगत अनुगमनमार्फत सबस्टेसन तथा प्रसारण लाइन निर्माणको प्रगति, बेहोरिएका समस्या, काम सम्पन्न हुने तालिकालगायत विषयमा आयोजना व्यवस्थापन, निर्माण व्यवसायीसँग विस्तृत छलफल गरी जनशक्ति थपेर प्रसारण लाइन तथा सबस्टेसन तोकिएको समयमा सम्पन्न गर्न निर्माणमा संलग्न सबैलाई आग्रह गरे । उनले धारापानी क्षेत्रका स्थानीयसँग छलफल गरी सबस्टेसन तथा प्रसारण लाइन निर्माणमा आवश्यक सहयोग गर्न अनुरोध गरे ।



'मर्स्याङ्दी करिडोर प्रसारण लाइनमा जोड्ने गरी सम्झौता गरिएका जलविद्युत् आयोजनाको निर्माण सुरु भइसकेको छ, त्यसैले यो लाइन जतिसक्दो चाँडो निर्माण सम्पन्न गर्नुपर्ने छ, समयतालिका, कामको गुणस्तरलगायतलाई विशेष ध्यान दिएर निर्माणलाई तीव्रता दिनुपर्ने छ', घिसिङले भने । भौगोलिक विकटतालाई चिर्दै मनाङमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको भन्दै उनले भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिको समस्या रहेकाले यसलाई सुधार्न निर्धारित समयमा नै प्रसारण लाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्नुपर्नेमा उनले जोड दिए ।

सबस्टेसन निर्माणस्थल वरपरका स्थानीय बासिन्दाले राखेका जायज माग पूरा गर्न आयोजना सधैं तयार रहेको बताउँदै कार्यकारी निर्देशक घिसिङले पर्यटकीयस्थल मनाङको विद्युत् आपूर्ति सुधारका लागि योजनाबद्ध रूपमा निर्माण कम्पनीले काम अघि बढाइसकेको उल्लेख गरे ।

उनका अनुसार मर्स्याङ्दी र त्यसका सहायक नदीहरूबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहका लागि मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाइन आयोजना सुरु गरिएको हो । प्रसारण लाइनबाट करिब एक हजार छ सय मेगावाट विद्युत् प्रवाह गर्न सकिने उनले जानकारी दिए ।

आयोजनाअन्तर्गत चितवनको भरतपुरबाट मनाङको धारापानीसम्मको एक सय १४ किलोमिटर डबल सर्किट प्रसारण लाइनलाई तीन चरणमा विभाजन गरी निर्माण अगाडि बढाइएको छ । पहिलो चरणअन्तर्गत उदीपुरबाट तनहुँको मार्कीचोक हुँदै नयाँ भरतपुर सबस्टेसनसम्मको करिब ६८ किमी प्रसारण लाइन निर्माणाधीन छ । यसखण्डमा पर्ने एक सय ९९ टावरमध्ये एक सय २५ वटाको जग हालिएको छ भने ६५ टावर निर्माण गरिएका छन् । बाँकी स्थानमा काम भइरहेको आयोजना कार्यालयले जनाएको छ ।

दोस्रो चरणअन्तर्गत लमजुङको उदीपुर र चितवनको भरतपुरमा २२० केभीका सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन् । तेस्रो चरणअन्तर्गत धारापानी-खुदी-उदीपुर ४६ किमी प्रसारण लाइन र धारापानी तथा खुदी सबस्टेसन निर्माणाधीन छन् । खुदी-उदीपुरअन्तर्गत करिब १६ किमी खण्डमा १७ टावरको जग हालिएको छ भने आठ वटा निर्माण गरिएको छ ।

उक्त खण्डअन्तर्गत बेसीँसहर नगरपालिका-८ का केही स्थानीयले प्रसारण लाइनको मार्ग परिवर्तन गर्नुपर्ने वा लाइन नसार्ने भए मार्गाधिकारमा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने माग राखी दुई वर्षदेखि निर्माण अवरोध गर्दै आएका छन् । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले लमजुङका प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङलाई खुदी-उदीपुर खण्डमा देखिएको समस्या समाधान गर्न आवश्यक सहयोग र सहजीकरण गरिदिन अनुरोध गरे । 'दुई वर्षदेखि काममा अवरोध भइरहेकाले स्थानीयका जायज माग पूरा गर्ने प्रधिकरणको प्रतिबद्धतासहित स्थानीयसँग छलफल गरी सहजीकरण गरेर सहयोग गरिदिन अनुरोध गर्दछौं', उनले प्रजिअ गुरुङसँग भने ।

निर्माणमा देखिएको अवरोध हटाउन स्थानीय प्रशासनकातर्फबाट सहजीकरण तथा समन्वय भइरहेको उल्लेख गर्दै प्रजिअ गुरुङले राष्ट्रिय प्राथमिकता प्राप्त प्रसारण लाइन निर्माणमा स्थानीयले पनि आवश्यक समन्वय गर्नुपर्नेमा जोड दिए । संघीय सरकार तथा प्राधिकरणको लगानी र युरोपेली लगानी बैंक (इआइबी) को सहुलितपूर्ण ऋणमा निर्माणाधीन आयोजनाको समग्र अनुमानित लागत करिब रु १६ अर्ब रहेको प्राधिकरणले जनाएको छ ।

## हिमाल हेर्दै घरबासमा रमाउँदै विदशी पर्यटक

**गलकोट–** पछिल्लो सयम चर्चामा रहेको घरबास हो बागलुङ भकुण्डेको अतिथि सत्कार घरबास- घरबासमा पछिल्लो समय स्वदेशी मात्रै नभएर विदेशी पर्यटकसमेत आउने गरेका छन् । प्रकृतिकरूपमा विधिकिरणका कारण भकुण्डेले विदेशी पर्यटकलाई मोहनी लगाएको छ । घरबासमा पुगेका विदेशी पर्यटकले अर्गानिक खानाका परिकारसँगै हिमाल हेर्न पाउने भएपछि भकुण्डे पुग्ने जो कोही पर्यटकले घरबासको प्रशंसा गरेकै हुन्छन् ।

केही पर्यटक हेलिकप्टरमार्फत घरबासमा आएका छन् । तर पाँच वर्षदेखि नियमित रूपमा भकुण्डे आइरहने विदेशी पर्यटक भने विश्व भेगन अर्गनाइजेशनमा आबद्ध छन् । बागलुङ नगरपालिका-१० पर्यटकीय गाउँ भकुण्डेमा अहिले युकेका पाँच जना र अमेरिकाका एक गरी छ जना विदेशी पर्यटक पुगेका छन् । उनीहरूले यहाँबाट देखिने हिमालले मोहनी प्रतिक्रिया दिएका छन् ।

बुधबार मात्रै पर्यटन व्यवसायी महादेव शर्माको नेतृत्वमा भकुण्डे पुगेका छ विदेशी पर्यटक तीन दिन घरबासमै बस्नेछन् । उनीहरूको पहिलो रोजाइ हिमालको दृश्य परेको छ । बिहान उठ्नासाथ आँखै अघिका हिमाल देख्दै अर्गानिक साग, सिस्नु, कोदो र भट्टको परिकार खाँदा छुट्टै आनन्द आएको युकेदेखि भकुण्डे घुम्न आएकी म्यागीले प्रतिक्रिया दिइन् ।

'आफूले भकुण्डेको तस्बिर र भिडियो देखेकै कारण यहाँ आएको थिएँ, पुराना घर स्वच्छ हरियाली वातावरणमा बसेर हिमाल हेर्दा निकै आनन्द लाग्यो' म्यागीले भनिन्, 'यस ठाउँमा आउने जो कोहीले यो रमाइलो पल बिर्सन सकिदैन होला ।' विदेशी पाहुनाले घरबास सञ्चालकसँगै कोदो टिप्ने, साग केलाउने र अन्य घरायसी काममासमेत सघाउने गरेका छन् । घरबासमा विदेशी पर्यटकको आठौं समूह लिएर आएको पर्यटन व्यवसायी महादेव शर्माले बताए ।

शर्माले भेगन समूहमा आबद्ध विश्वका पर्यटक एक पटक भकुण्डे आउने चाहना व्यक्त गरेको बताए । उनले यहाँबाट देखिने हिमाल, सनराईज र सनसेट, हरियाली वातावरण र सिस्नो, ढिँडो र गुन्द्रुक लगायतको परिकारले पाहुनालाई मोहनी लगाउने गरेको जानकारी दिए । शर्माकै पहलमा भकुण्डेमा पाँच वर्ष अघिमात्रै विदेशी पर्यटक भित्रिएका थिए । बागलुङको भकुण्डे गाउँको आतिथि सत्कार होमस्टे (घरबास) रोजाइमा पर्नुको कारण यहाँको आतिथ्यता, कला संस्कृति र प्राकृतिक मनोरमको दृश्य रहेको अनुभव शर्माले सुनाए ।

उनले भकुण्डे आएको पाहुँनालाई आगमी वर्षदेखि मुस्ताङसमेत लैजानेगरी समय थप गर्ने बताए । भकुण्डे जिल्ला सदरमुकामदेखि तीन घण्टाको पैदलमार्फत पुग्न सकिन्छ । अतिथि सत्कार घरबासका सञ्चालक याम थापाले पछिल्लो समय स्वदेशी पर्यटक मात्रै नभएर अमेरिका, युके, क्यानडा, जापान, चीन र कोरियाबाट विदेशी पर्यटक आउने गरेको बताए ।

उनीहरूले आफ्नो घरको आगनबाट देखिने धौलागिरि, अन्नपूर्ण र माछापुच्छे हिमशफ्लाले मोहनी लगाउने गरेको बताउने गरेको थापाको भनाइ छ । 'संस्थागत रूपमा महादेशव शर्माको पहलमा यहाँ विदेशी आउन थाल्नुभयो, अन्य सङ्घ संस्थाबाट आएका विदेशी पर्यटकलाईसमेत भकुण्डे घुमाउन ल्याउनुहुन्छ, अहिले घरबासमा स्वदेशी र विदेशी पर्यटक दुबैको आकर्षण छ, यहाँ अर्गानिक खानाको परिकार र प्राकृतिक दृश्य नै पहिलो रोजाइ हो' घरबास सञ्चालक थापाले भन्नुभयो'भेगनमा आबद्ध पर्यटकले हामीलाई खान बनाउनेदेखि खेतबारीको काममा समेत सघाउन खोज्नुहुन्छ, उनीहरूले यहाँको कामको विषयमा जान्न खोज्नुहुन्छ, गाउँमा बसेर विदेशी पर्यटकलाई घरबासको माध्यमबाट स्वागत सत्कार गर्न पाउनु हाम्रो लागि गौरवको विषय हो ।'

नेपालको खेतीपाती र कला-संस्कृतिका विषयमा बाह्य पर्यटकलाई चासो हुने भएकाले उनीहरूले परीक्षण गर्ने र खेतीपातीको विषयमा जानकारी दिनसमेत कोदोबारीमा पुग्ने गरेको पाइन्छ ।

मासु तथा मासुजन्य पदार्थ उपभोग नगर्ने भेगनमा आबद्ध विदेशी पर्यटकले त्यहाँको समुदाय र विद्यालयलाई समेत विभिन्न सहयोग गदै समेत आएका छन् । बाह्य पर्यटकको मुख्य रोजाइमा हिमशृंखला, खानपान र कला-संस्कृति नै रहेको थापाले बताउनुभयो । घरबासमा एक रातमा ८० जना पर्यटक बस्ने व्यवस्था छ ।

घरबास सञ्चालकले गाउँमै उत्पादित आलु, भटमास, मकै, मुला, कोदोको ढिँडो, सिस्नो र गुन्द्रुकको स्वाद लिन पाइन्छ । २०७३ सालमा स्थापना भएको जिल्लाकै पहिलो अतिथि सत्कार घरबासमा मगर समुदायका १५ घर समावेश गरिएका छन् । घरबास सञ्चालनमा आएसँगै यहाँका स्थानीयहरू खेतीपातीको कामसँगै आयआर्जनमा जोडिएका हुन् । भुकण्डेको शिरमा रहेको मुलाबारी भ्यूटावर, मध्यभागमा रहेको बराह ताल पर्यटक लोभ्याउने अतिरिक्त माध्यमसमेत रहेका छन् । *रासस*

## 'डब्लुटिएम'मा नेपालद्वारा विश्व पर्यटन उद्योगको ध्यानाकर्षण

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व प्रख्यात पर्यटन मेला 'वर्ल्ड ट्राभल मार्केट-२०२४' (डब्लुटीएम) मा नेपालले सहभागिता जनाउँदै विश्व पर्यटन उद्योगको ध्यानाकर्षण गरेको छ । नेपाल पर्यटन बोर्डको नेतृत्वमा नेपालले लन्डनमा आयोजित डब्लुटीएममा सहभागिता जनाएको हो ।

यही कात्तिक २० देखि २२ गतेसम्म आयोजना भएको वर्ल्ड ट्राभल मार्केटमा नेपालले साहसिक यात्रा, सांस्कृतिक विविधता र दिगो पर्यटनका लागि अग्रणी गन्तव्यका रूपमा आफ्नो उपस्थिति जनाउँदै नेपालको पर्यटन प्रवर्द्धनका लागि समन्वय गर्न विश्वपर्यटन उद्योगको ध्यानाकर्षण गरेको हो ।

बोर्डले आफ्नो ४० वर्षको सहभागिता वर्षको उत्सव मनाउँदै विश्व पर्यटन क्षेत्रमा लामो समयदेखिको योगदानलाई निरन्तरता दिएको हो । एक सय ८४ देशहरूबाट ४३ हजार सहभागी रहेको डब्लुटीएममा तीन हजार आठ सय ७५ प्रदर्शकहरू सहभागी थिए । मेलामा ८२ वटा सम्मेलन सत्र आयोजना गरिएको थियो ।

हालै लोन्ली प्लानेटद्वारा सन् २०२४ का लागि बेस्ट इन ट्राभल गन्तव्यका रूपमा घोषित भएपछि यस वर्ष डब्लुटीएममा नेपालको उपस्थिति थप महत्वपूर्ण बनेको बोर्डले जनाएको छ । यसले विश्वभरका यात्रुहरू र पर्यटन व्यवसायीसामु नेपालको सम्पदालाई प्रस्तुत गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले बताए ।

वर्ल्ड ट्राभल मार्केटमा नेपालको सहभागिताले नेपाललाई उच्च सम्भावनायुक्त बजारसँग प्रत्यक्ष संलग्न हुन सघाउने र यसले नेपाललाई शीर्ष अन्तर्राष्ट्रिय गन्तव्यहरूको साथ उभ्याउने उनले उल्लेख गरे । उनले नेपालको यो सहभागिताले नयाँ व्यावसायिक अवसर विकास गर्दै हाम्रो समृद्ध संस्कृति, अनुपम प्राकृतिक दृश्य र पर्यावरणमैत्री पर्यटनमा रुचि राख्ने वातावरणीय सजग यात्रुहरूसँग सम्बन्ध स्थापित गर्ने अवसर प्रदान गर्ने बताए ।

'लोन्ली प्लानेटले नेपाललाई बेस्ट इन ट्राभल गन्तव्यका रूपमा सम्मानित गरेको छ । लोन्ली प्लानेटको यो मान्यताले नेपालको पर्यटन सेवाहरूलाई थप विश्वसनीयता प्रदान गरेको छ । यो सहभागिताले मुलुकका अनुपम परिदृश्यहरू प्रख्यात हिमालदेखि प्राचीन सांस्कृतिक स्थललाई समेटेको छ', जोशीले भने ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ